म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १४ अंक २९८ सोमबार, २६ जेठ २०८२ ने. सं. ११४५ तछलाथ्व 9 June 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## राष्ट्रिय परिचयपत्र शाखा बिहान ७ बजेदेखि बेलुकी ६ बजेसम्म खुला रहने

हेटौंडा, २५ जेठ/राष्ट्रिय परिचयपत्र सेवामा दिनप्रतिदिन बढ्दो चापलाई मध्यनजर गर्दै जिल्ला प्रशासन कार्यालय मकवानपुरले सेवा समय विस्तार गरेको छ । कार्यालयका अनुसार जेठ २६ गतेदेखि राष्ट्रिय परिचयपत्र शाखा बिहान ७:०० बजेदेखि बेलुकी ६:०० बजेसम्म खुला रहनेछ । यस निर्णयले विवरण दर्ता गराउन आउने वा तयार भइसकेको परिचयपत्र लिन आउने सेवाग्राहीलाई थप सहज हुने अपेक्षा गरिएको छ । जिल्ला प्रशासन कार्यालय मकवानपुरले कार्यालयको सीमित जनशक्ति तथा सेवाग्राहीको चापको सन्तुलन मिलाउन सेवा समय लम्ब्याउने निर्णय लिएको हो । सेवाग्राहीले यो नयाँ समयतालिका अनुसार सेवालिने तयारी गर्न कार्यालयले अनुरोध गरेको छ । प्रशासकीय अधिकृत गुणराजप्रसाद न्यौपानेद्वारा हस्ताक्षरित सूचनामा राष्ट्रिय परिचयपत्रसम्बन्धी सेवा प्रभावकारी र छिटोछरितो बनाउन यो व्यवस्था गरिएको जनाइएको छ ।

# बेलिब्रिज राखेपछि कान्तिराजपथ सञ्चालनमा

साझाकुरा संवाददाता

हेटौंडा, २५ जेठ/ बागमती नदीको बगुवा खोलामा बेलिब्रिज राखेपछि कान्तिराजपथ सञ्चालनमा आएको छ ।

मकवानपुर र ललितपुरलाई जोड्ने स्थानमा शनिबार राति बेलिब्रिज जडानकार्य सम्पन्न भएपछि पुलबाट सवारीसाधन चल्न थालेका हुन् ।



कान्तिराजपथ सडक आयोजनाका प्रवक्ता ई. उपेन्द्र महरानका अनुसार आइतबार बिहान ९ बजेदेखि पुल पूर्णरुपमा सञ्चालनमा आएको हो । गतवर्ष असोज ११ र १२ गतेको बाढीले पुलको मकवानपुर तर्फको भाग भत्काएपछि डाइभर्सन मार्फत् सवारीसाधन सञ्चालन हुँदै आएका थिए । तर, डाइभर्सन गरिएको स्थानमा राखिएका ह्युमपाइप सानो बाढीले पनि बगाइदिने गरेकाले यात्रा अप्ठेरो हुने गरेको थियो ।

हालै बेलिब्रिज जडान गर्नका लागि चार दिनसम्म डाइभर्सनबाट पनि यात्रा गर्न रोक लगाइएको थियो । बेलिब्रिज जडानकार्य सम्पन्न भएर गाडी पनि चल्न थालिसकेकाले अब कान्तिराजपथमा यात्रा सहज हुने अपेक्षा छ । कान्तिलोकपथ बन्द हुँदा हेटौंडा-काठमाडौं र काठमाडौं-हेटौंडा चल्ने सवारीसाधनले कुलेखानी-कलंकी-हुमाने वा कुलेखानी-सिस्नेरी-फर्पिङ सडक प्रयोग गर्दै आएका थिए ।

मकवानपुरको भीमफेदी गाउँपालिका-८ र ललितपुरको वागमती गाउँपालिका-२ बगुवा जोड्ने पुलमा जडान गरिएको बेलिब्रिज २४ दशमलब ४ मिटर लम्बाइ र ५ मिटर चौडाइको छ । निर्माणकार्यका लागि ठेक्का प्राप्त कम्पनीलाई करीब साढे एक करोड रुपैयाँको लागतमा जिम्मा दिइएको हो । कान्तिराजमार्ग सडक आयोजनाका प्रवक्ता ई. महरानका अनुसार बेलिब्रिजको भारबहन क्षमता ३० टन मात्र छ ।

सडक आयोजनाले मकवानपुर र ललितपुरका जिल्ला प्रशासन कार्यालयलाई पत्र पठाएर दुवैतर्फ मालबाहक सवारी साधनलाई निगरानी गर्न अनुरोध गरेको छ । मालवाहक सवारी (ट्रक/ट्रेलर) को हकमा एकपटकमा एकतर्फी गुडाउनुका साथै अधिकतम कुल वजन ३० टन र अधिकतम प्रतिएक्सल वजन १० टनमात्र हुने गरी सवारीसाधन सञ्चालनको प्रबन्ध मिलाइएको प्रवक्ता महरानले बताए ।

'१२ चक्के ट्रक खाली छ भने बेलिब्रिजले धान्छ तर, भारी बोकेको १२ चक्के गाडीलाई धान्दैन,' प्रवक्ता महरानले भने 'त्यसैले दुवै जिल्लाका सिडियो कार्यालयलाई पनि त्यो जानकारी गराएका छौं ।' बाढीले बागमती खोलामाथिको पुलको मकवानपुर तर्फको १५ मिटर पहुँचमार्ग बगाएपछि सवारी आवागमनमा समस्या हुँदै आएको थियो । अस्थायी डाइभर्सन बनाएर सवारी सञ्चालन गरिए पनि पटक-पटकको बाढीले डाइभर्सन बगाउँदा केही दिनदेखि सडक खण्ड अवरुद्ध हुँदै आएको थियो ।

जेठ १५ गते बागमतीमा आएको बाढीले एउटा तेल ट्यांकर र एउटा डब्बा ट्रक बगाएको थियो । यसैबीच, कान्तिलोकपथ अन्तर्गत मकवानपुरको बकैया गाउँपालिकातर्फ ठिंगन-बगुवा सडकखण्डको गँगटेनजिकै रहेको भञ्याङडाँडामा सडक चौडाइ विस्तारका लागि चट्टान कटानको काम सकिएको जानकारी आयोजनाले दिएको छ । यो क्षेत्रमा अब तत्काल कुनै सडक समस्या नरहेको बताइएको छ ।

**सीमखोलामा ६० मिटर लामो बेलिब्रिज जडान हुने**

ईन्द्रसरोवर गाउँपालिका-२ स्थित कुलेखानी जलविद्युत् आयोजना अन्तर्गत ड्यामको तल्लो भागमा रहेको सीमखोलाको पुल पनि गत असोजको बाढीले क्षतिग्रस्त बनाएको थियो । 'ओभरफ्लो' रोक्न खोलिएको गेटका कारण पुलसँगै दायाँबायाँको पहुँचमार्ग बगाएपछि हाल डाइभर्सनबाट सवारी सञ्चालन हुँदै आएको छ ।

सीमखोलामा स्थायी सवारी आवगमन सहज बनाउन ६० मिटर लामो बेलिब्रिज जडान गरिने तयारी गरिएको यातायात पूर्वाधार निर्देशनालय हेटौंडाले जनाएको छ । निर्देशनालयका प्रमुख नवीन सिंहका अनुसार सीमखोलामा बेलिब्रिज जडानकार्यका लागि हेटौंडा-भीमफेदी-कुलेखानी सडकखण्डको घट्टेखोलाबाट १३ मिटर र माण्डुखोलाबाट ५० मिटर लामो बेलिब्रिज झिक्ने काम भइरहेको छ ।

बागमती प्रदेशका भौतिक पूर्वाधारमन्त्री अमन मास्केका अनुसार १५ असारसम्म सीमखोलामा बेलिब्रिज राखेर सवारी सञ्चालन गर्ने लक्ष्य राखिएको छ । गौरव इन्जिनियरियर्स प्रालिले यो कामको ठेक्का एक करोड ८८ लाख रुपैयाँमा लिएको निर्देशनालयले जानकारी दिएको छ ।

# नेपालमा पहिलोपटक लिङ्ग परिवर्तन शल्यक्रिया

साझाकुरा संवाददाता

हेटौंडा, २५ जेठ/ नेपालमा पहिलोपटक ट्रान्सजेन्डर व्यक्तिको लिङ्ग परिवर्तन शल्यक्रिया (सेक्स चेन्ज अपरेसन) सफलतापूर्वक गरिएको छ ।



त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालका प्लास्टिक सर्जरी विभागप्रमुख प्राडा.जयनमान श्रेष्ठले आइतबार पत्रकार सम्मेलन गर्दै नेपालमै पहिलोचोटी सेक्स चेन्ज अपरेसन (मेल टु फिमेल) सफलतापूर्वक सम्पन्न गरिएको जानकारी दिएका छन् । प्रा.डा.श्रेष्ठले जनकपुर निवासी २५ वर्षीया ट्रान्सजेन्डरमा लिङ्ग परिवर्तन शल्यक्रिया गरेको बताए । विदेशी प्लाष्टिक सर्जन डा. अलरिजा हामीदियान जारोमीको नेतृत्वमा प्लास्टिक सर्जरी विभागीय प्रमुख पाडा. श्रेष्ठको संयोजकत्वमा ६ घण्टा लगाएर शल्यक्रिया गरिएको हो ।

डा. श्रेष्ठका अनुसार पुरुषको लिङ्गको तन्तुहरुलाई चाहिने मात्रामा उपयोग गरेर महिलाको जैनेन्द्रीय अङ्गको पुनर्निर्माण गरिएको छ । यसले ति व्यक्तिलाई आफूले चाहेको लैंगिक पहिचान प्राप्त गर्न सहयोग गर्ने अपेक्षा गरिएको छ । अस्पतालको प्लास्टिक सर्जरी विभागले जेठ १२ देखि १५ गतेसम्म ट्रान्सजेन्डर समुदायका लागि विभिन्न प्रकारका लिङ्ग पुष्टि गर्ने शल्यक्रिया गरेको उनको भनाइ छ । यो शल्यक्रिया गर्न विदेश जानुपर्ने बाध्यताका कारण धेरै खर्चिलो थियो ।

नेपालमै यो सुविधा उपलब्ध भएपछि ट्रान्सजेन्डर समुदायलाई धेरै राहत मिल्ने डा. श्रेष्ठको विश्वास छ ।

डा. श्रेष्ठका अनुसार अस्पतालमा शल्यक्रिया डेढ लाखदेखि दुई लाख रुपैयाँ खर्चमा गर्न सकिने छ । अस्पतालका प्लाष्टिक सर्जन प्रा.डा. ईश्वर लोहनीले अबदेखि अस्पतालमा जेन्डर एफर्मिङ क्लिनिकको स्थापना गरेर नियमितरुपमा यी सेवाहरु सुचारु गर्ने जानकारी दिए । उनले भने 'कुनैपनि सेवा पहिलोपटक सुरु गर्नु ठुलो कुरा होइन । यो सेवालाई निरन्तरता दिने कुरा हो । सोही कुरालाई मध्यनजर गर्दै अस्पतालले यो सम्बन्धी ठुलो टिम बनाएर जेन्डर एफर्मिङ क्लिनिक स्थापना गरेर सेवा दिने सोच बनाएका छौं ।'

लिङ्ग परिवर्तन शल्यक्रिया ट्रान्सजेन्डर व्यक्तिको लागि आफ्नो लैङ्गिक पहिचानको पूर्ति गर्ने एक महत्वपूर्ण उपायमध्ये एक हो । धेरै ट्रान्सजेन्डरले यो शल्यक्रिया गर्ने जरुरी नठाने पनि केही ट्रान्सजेन्डरले शल्यक्रियापछि आफू सम्पूर्ण रुपमा परिवर्तित लैङ्गिक पहिचानको पाएको महशुस गर्ने विश्वास गरिन्छ ।

# विद्यार्थीलाई विद्यालय झोला वितरण

साझाकुरा संवाददाता

हेटौंडा, २५ जेठ/ भीमफेदी गाउँपालिकामा रहेको महेन्द्र माध्यमिक विद्यालयको कक्षा १ देखि कक्षा ४ सम्मका विद्यार्थीलाई विद्यालय झोला वितरण गरिएको छ ।

लायन्स क्लब काठमाडौंको सहयोग एवम् सञ्चारकर्मी सुरेन्द्र थिकेको समन्वयमा १ सय ३१ जना बालबालिकालाई झोला वितरण गरिएको हो । लायन्स क्लब काठमाडौंका 'वन चाइल्ड वन ब्याग' कार्यक्रमका डिष्ट्रिक्ट प्रेसिडेन्ट सान्तवना देवकोटाको पहलमा विद्यालयमा झोला उपलब्ध गराइएको हो । वन चाइल्ड वन ब्याग कार्यक्रमअन्तर्गत नै गाँउपालिकाको ६ नं. वडा र ईन्द्रसरोवर गाउँपालिकाको २ नं सीमाक्षेत्र देउरालीस्थित बटुकभैरव प्राथमिक विद्यालयका ३५ जना बालबालिकालाई पनि झोला वितरण गरिएको छ । समाजसेवामा अभियन्ता गान्दिरा श्रेष्ठको सहयोगमा अग्रेजी माध्यम संञ्चालित कक्षाको लागि ५ थान सिलिङ पंखा प्रदान गरेको थियो ।

विद्यालय ब्यबस्थापन समिति अध्यक्ष ईश्वरमान श्रेष्ठको सभापतित्वमा सञ्चालित कार्यक्रमको प्रमुखअतिथि लाइन्स क्लव काठमाडौंका 'वन चाइल्ड वन ब्याग' डिष्ट्रिक्ट प्रेसिडेन्ट देवकोटा रहेका थिए । कार्यक्रममा महेन्द्र माध्यमिक विद्यालय ब्यबस्थापन समिति पदाधिकारी, लायन्स क्लब काठमाडौं बिभिन्न पदाधिकारी, पत्रकार, अभिभावकको उपस्थिति रहेको थियो ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्यााँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३



साझाकुरा

## हाम्रो कुरा

# पत्रकारको दृष्ट्रिकोण नकारात्मक

संसारका सबै पत्रकारको दृष्ट्रिकोण प्राय: नकारात्मक नै हुन्छ । पत्रकारले समाचार लेख्ने समयमा नकारात्मक धारणाबाट प्रस्तुत हुँदैन । पत्रकार जव समाचार संकलन गर्न फिल्डमा पुग्छ तव उसले नकारात्मक कुरामा बढी चासो राख्ने गरेको हुन्छ । समाचार लेख्न बसेपछि त्यही नकारात्मक रिपोर्टिङलाई सकारात्मक एङ्गलबाट लेखिरहेको हुन्छ । शनिबार हेटौंडामा भएको एक कार्यक्रममा नगरप्रमुख मीना लामाले पत्रकारले नकारात्मक धारणा राखेकै कारण नेतृत्वले काम गर्न नसकेको बताएकी छन् । यो पत्रकारितामा लगाइएको आरोप पनि हो । नगरप्रमुख लामाले सकारात्मक समाज निर्माणमा सञ्चारकर्मीले भूमिका खेल्नुपर्ने बताएकी छन् । नेपाल पत्रकार महासंघ मकवानपुर शाखाको आयोजना एवम् हेटौंडा उपमहानगरपालिकाको आर्थिक सहयोगमा भएको सञ्चारक्षेत्रमा प्रविधिले ल्याएको चूनौती र अवसर विषयक कार्यशाला गोष्ठीमा नगरप्रमुख लामाले पछिल्लो समय समाजमा मानवता हराउँदै गएको बताइन् । नेताहरुको भिजनलाई तल्लो तहसम्म लैजाने पत्रकार भएको उनको भनाई छ ।

देश र समाजप्रति हेर्न दृष्टिकोण नकारात्मक हुँदा अहिलेको व्यवस्था र संविधान दुबै असफल हुने उल्लेख गरिन् । समाजलाई सुसूचित गरेर नेतृत्वमा बसेकालाई जवाफदेही बनाउने गरी सञ्चारकर्मीले आफ्नो कलम चलाउनुपर्नेमा उनको जोड थियो । हिनता, त्राश र डरमा भएको नेतृत्वले समाजको विकास गर्न नसक्ने उनको भनाई छ । नगरप्रमुख लामाले समाजमा देखिएको विकृति विसंगतिलाई जरैदेखि उखेलेर फाल्नुपर्ने बताइन् । पत्रकारको विकास भएमात्र समाजको पनि विकास हुने उनको धारणा छ । सुरक्षितरुपमा पत्रकारिता गर्ने वातावरण बनाउन राज्यलाई जवाफदेही बनाउनुपर्छ । श्रमजीवि पत्रकार ऐनको कुनै पनि दफा सरकारले अहिलेसम्म कार्यान्वयन गरेको छैन । सरकार मिडियाप्रति जिम्मेवार भएको देखिएकै छैन । अझ पछिल्ला दिनमा केही वडाअध्यक्षले आफूलाई राजा नै सम्झने गरेको छ । प्रविधिको तीव्रतर विकासले पत्रकारिता पेशामा चुनौती थपेको अनुभूति गरिरहेका पत्रकारले सामाजिक संजालमा पोखिएका भावनाहरु व्यक्तिगत धारणा हुन् ती भावना पत्रकारिता होइन भनेर बुझाउन सकेको छैन । सञ्चारकर्मीले पत्रकार आचारसंहिता र मूल्य मान्यतालाई ख्याल गर्नुपर्ने हुन्छ । एआईलाई सम्बोधन गर्ने किसिमको आचारसंहिता बनाउने कि नबनाउने भन्ने विषयमा बहस गर्नुपर्ने बेला भएको छ । तीनै तहको सरकारले कानुनमार्फत् प्रेसलाई नियन्त्रण गर्न खोजेको आभास भएको छ । प्रविधिको तीव्र विकासले परम्परागतरुपमा पत्रकारिता गर्ने सञ्चारमाध्यम संकटमा परिरहेको छ । संचारकर्मी पनि नयाँ प्रविधिसँग परिष्कृत हुँदै जानुपर्ने थियो ।

डिजिटल युगमा पत्रकारिताले समाज रुपान्तरणको नयाँ दिशा लिनुपर्ने थियो । एआईको उपयोग गरी पत्रकारिता पेशालाई अझ परिपक्व र व्यवस्थित गरी क्षमताको विकास गर्नुपर्ने छ । प्रविधिमा आएको विकासलाई पत्रकारले आत्मसात गर्दै अगाडि बढ्दा मात्र पेशाको स्थायित्व र दिगोपन हनसक्छ । रचनात्मक पत्रकारिताको सैद्धान्तिक मैदान लोकतन्त्र भएकोले सम्भावित समाधानबारे उचित बहसको वातावरण बनाउन सञ्चारकर्मीले प्रयत्न गर्नुपर्ने हुन्छ । हिजोका दिनमा पत्रकारिता गर्न जति सहज थियो आजको दिनमा त्यो वातावरण छैन । पत्रकारिता पेशा सरलताबाट जटिलतातिर धकेलिँदै गएको छ । पछिल्लो समय निष्ठावान संचारकर्मी छायाँमा पर्दै गएका छन् । आवाजबिहिनको आवाज खोज्ने पत्रकारको क्षमतामा ह्रास आएको छ । प्रबिधिले जति सहज बनाउँदै ल्यायो संचारकर्मीको सृजनशीलता गुम्दै गएको अवस्था छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ जेठ २७ गते मंगलबार १० जुन २०२५ । चतुर्दशी, जेष्ठ शुक्लपक्ष । तछलाथ्व ११४५ ने.सं. । सूर्योदय ५:९, सूर्यास्त ६:५८ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : मनोकांक्षा सिद्धि हुनेछ | **तुला** | : वस्त्र-भोजन प्राप्त हुनेछ |
| **वृष** | : गरेको कार्यमा सफलता मिल्नेछ | **वृश्चिक** | : योजना कार्यान्वयन हुनेछ |
| **मिथुन** | : नयाँ कार्ययोजना बन्नेछ | **धनु** | : व्यापार राम्रो चल्नेछ |
| **कर्कट** | : आकस्मिक लाभ हुनेछ | **मकर** | : मीठो खाने अवसर मिल्नेछ |
| **सिंह** | : राम्रो अवसर गुम्नेछ | **कुम्भ** | : घर परिवारमा मेलमिलाप हुनेछ |
| **कन्या** | : खर्च र दु:ख बढ्नेछ | **मीन** | : मनमा शङ्का बढ्नेछ |

# राजनीतिमा नैतिकताको सवाल



✍ राजेन्द्र चटौत

मूलधारका सञ्चारमाध्यम हुन् या सामाजिक सञ्जाल, आममानिस हुन् या राजनीतिक दलका कार्यकर्ता सबैतिर चर्चा चल्ने गरेको छ राजनीतिमा नैतिकताको स्खलन भयो । वर्तमान समयको यो एउटा निकै गम्भीर प्रश्न बनेको छ । नैतिकताको क्षयीकरणले राष्ट्रिय भविष्य नै अन्धकारमय तुल्याउँछ । कतिपयले नैतिकतालाई बुद्धिविलासको विषय मात्र बनाउँछन्, तर यो केवल बौद्धिक विलासको विषय होइन । हाम्रो सामूहिक अस्तित्वको ज्वलन्त प्रश्न हो । राजनीति समाज परिवर्तनको वैज्ञानिक कला हो । नैतिकताले मानवीय कार्यलाई सही दिशा प्रदान गर्दछ । यसको अभावमा राजनीति विकृत बन्न पुग्छ । राज्य सञ्चालन जनविश्वासमा आधारित हुनुपर्छ । विश्वासको जग नैतिकताले निर्माण गर्दछ । यो आलेख यही मर्मको विस्तृत उद्घाटन हो ।

### शासन-वैधता र जनआस्था

नैतिक आचरणले राज्यसत्ताको औचित्य सिद्ध गर्दछ । शासकवर्गको निष्ठा निर्णयको प्राथमिक स्रोत बन्छ । पारदर्शिताले शासकीय कर्मलाई सार्वजनिक समीक्षा योग्य बनाउँछ । सरकारी अभिलेख जनसाधारणका लागि सहज पहुँचयोग्य हुनुपर्छ । प्रत्येक राजकीय गतिविधि जनचासोको परिधिमा स्पष्ट रहनुपर्छ । सार्वजनिक कोषको प्रयोगको विवरण नियमित सार्वजनिक गरिनुपर्छ । उत्तरदायित्वले शक्तिको दुरुपयोगलाई नियन्त्रण गर्दछ । संसदीय समिति, स्वतन्त्र पर्यवेक्षकले शासकीय कार्यको अनुगमन गर्नुपर्छ । शासक आफ्ना निर्णयप्रति पूर्णत: जवाफदेही हुनुपर्छ । उनीहरूले आफ्ना भूल स्वीकार्ने साहस देखाउनुपर्छ । यस्तो प्रणालीले नागरिकको आस्था आर्जन गर्दछ । राज्य संयन्त्रप्रतिको अपनत्व र विश्वास सुदृढ हुन्छ । नागरिक सन्तुष्टिले सामाजिक सामञ्जस्य र राष्ट्रिय एकता बढाउँछ । जनसहभागिता वृद्धि हुन्छ, लोकतन्त्र सबल बन्छ ।

### न्याय-वितरण एवं समता-स्थापना

नैतिक राजनीति सामाजिक न्यायको प्रमुख आधार हो । विधिको शासनले सबै नागरिकलाई समान दृष्टिले हेर्छ । कानून निर्माणको प्रक्रिया आग्रह, पूर्वाग्रहबाट मुक्त रहनुपर्छ । सबै सरोकारवालाको आवाज समेटिनुपर्छ । कानूनको कार्यान्वयन निष्पक्ष, समतामूलक ढंगले हुनैपर्छ । शक्तिशाली, पहुँचवालालाई विशेष छुट हुनुहुँदैन । न्याय प्रणाली सर्वसाधारणका लागि सुलभ, छरितो हुनुपर्छ । राज्यका स्रोत, अवसरको वितरण न्यायोचित प्रणालीमा आधारित हुन्छ । योग्यता, आवश्यकता र सामाजिक न्याय विकासका मापदण्ड बन्छन् । वञ्चितीकरण, असमानताको उन्मूलन नैतिक संकल्प विना असम्भवप्राय: छ । सीमान्तकृत समुदायको उत्थान राज्यको प्राथमिकता हुनुपर्छ । शिक्षा, स्वास्थ्य, रोजगारीमा समतामूलक पहुँच सुनिश्चित गरिनुपर्छ । न्यायपूर्ण समाजले राष्ट्रिय अखण्डता, सार्वभौमिकतालाई संवर्धन गर्दछ । प्रत्येक नागरिकले राज्य मेरो हो भन्ने अनुभूति गर्नुपर्छ ।

### राष्ट्रिय चरित्र र सांस्कृतिक उत्कर्ष

नेतृत्वको व्यवहारले राष्ट्रको समग्र चरित्र प्रतिबिम्बित गर्दछ । नेतागण नैतिक आदर्शका जीवन्त दृष्टान्त हुनुपर्दछ । उनीहरूको व्यक्तिगत जीवन सार्वजनिक नैतिकताको कसीमा खारिनुपर्छ । उच्च नैतिक चरित्रले समाजमा सकारात्मक मूल्यको स्थापना गर्दछ । नागरिक जीवनमा इमानदारी, कर्तव्यपरायणताको सम्मान हुन्छ । सत्कर्म पुरस्कृत हुन्छ, दुराचार निरुत्साहित हुन्छ । भावी सन्ततिलाई यी गुणले प्रेरित गर्दछन् । युवा पुस्तामा नैतिक आदर्श स्थापित हुन्छ । राष्ट्रको नैतिक पूँजी नै यसको दिगो सम्पत्ति हो । यो पूँजी भौतिक सम्पत्तिभन्दा धेरै मूल्यवान् हुन्छ । अन्तर्राष्ट्रिय मञ्चमा राष्ट्रको प्रतिष्ठा उच्च नैतिक धरातलमा निर्भर रहन्छ । नैतिकवान् राष्ट्रलाई विश्वले सम्मानको दृष्टिले हेर्दछ ।

### संस्थागत विकास र दीर्घकालीन स्थायित्व

नैतिकतामा आधारित निर्णय दूरगामी हितसंरक्षक हुन्छन् । क्षणिक स्वार्थ र अल्पकालीन लाभको प्रलोभन स्वत: न्यूनीकृत हुन्छ । नीतिनिर्माण तथ्य, तथ्याङ्क र व्यापक परामर्शमा आधारित हुन्छ । भ्रष्टाचार संस्थागत विकासको महाशत्रु हो । यो क्यान्सर जस्तै समाजमा फैलिन्छ । नैतिक अनुशासनले आर्थिक अनियमितता, अपराध घटाउँछ । सार्वजनिक सम्पत्तिको संरक्षण, स्रोतको सदुपयोग सुनिश्चित हुन्छ । विकास-निर्माणका कार्य गुणस्तरीय, समयबद्ध रूपमा सम्पन्न हुन्छन् । अनावश्यक खर्च कटौती हुन्छ, मितव्ययिता अपनाइन्छ । सामाजिक शान्ति, सद्भाव कायम रहँदा आन्तरिक द्वन्द्वका कारक कमजोर बन्छन् । गुनासाको सम्बोधन न्यायपूर्ण तरिकाले गरिन्छ । राजनीतिक स्थिरताले आर्थिक, सामाजिक प्रगतिलाई गति प्रदान गर्छ । राष्ट्र आत्मनिर्भरता, समृद्धि र समुन्नतिको मार्गमा अग्रसर हुन्छ ।

### राजनीतिक नैतिकताका दार्शनिक आयाम

राजनीतिक नैतिकताको अवधारणा विविध दर्शनशास्त्रका सिद्धान्तबाट पोषित छ । पूर्वीय र पाश्चात्य दुवै परम्परामा यसको गहिरो वैचारिक जरा पाइन्छ ।

### पूर्वीय दर्शन-परम्परामा राजधर्म

कौटिल्यको 'अर्थशास्त्र' राजनीतिक चिन्तनको उत्कृष्ट कृति हो । यसमा राजधर्म, दण्डनीति, कूटनीति र अर्थनीतिको नैतिक पक्ष विश्लेषण गरिएको छ । 'प्रजासुखे सुखं राज्ञ: प्रजानां च हिते हितम्' उनको मूल मन्त्र थियो । शासकको प्रज्ञा, आत्मसंयम, न्यायप्रियता जस्ता गुण अनिवार्य मानिएका छन् । इन्द्रिय विजय, काम, क्रोध, लोभ, मोह, मद, मात्सर्यको त्याग आवश्यक ठानिएको छ । महाभारतको शान्तिपर्व राजधर्मको विस्तृत व्याख्यान हो । युधिष्ठिरलाई भीष्मले दिएको उपदेशमा सत्य, अहिंसा, त्याग र प्रजाहितलाई सर्वोच्च स्थान दिइएको छ । राजा केवल प्रजाको सेवक, रक्षक हो ।

मनुस्मृति, शुक्रनीति जस्ता ग्रन्थले पनि शासकका नैतिक कर्तव्य निर्धारण गरेका छन् । दण्डको प्रयोग न्यायपूर्ण, निष्पक्ष हुनुपर्ने उल्लेख छ । बौद्ध दर्शन अन्तर्गत 'धम्मपद' र जातक कथामा आदर्श चक्रवर्ती राजाका गुण वर्णित छन् । दश राजधर्मको पालना उनको कर्तव्य थियो । जैन दर्शनले राजनीतिमा अहिंसा, अपरिग्रह र अनेकान्तवादको महत्व दर्शाउँछ । यी चिन्तनले राजनीतिको साध्य र साधन दुवैको पवित्रतामाथि जोड दिएका छन् । शासक 'लोकसेवक' हो भन्ने भावना प्रबल छ ।

### पाश्चात्य दर्शनमा राजनीतिक नैतिकताको विकासक्रम

प्लेटोको 'रिपब्लिक' आदर्श राज्यको परिकल्पना प्रस्तुत गर्ने आधारभूत ग्रन्थ हो । 'दार्शनिक राजा' को अवधारणाले विवेक, न्याय र ज्ञानलाई शासनको केन्द्रमा राख्छ । शासक व्यक्तिगत सम्पत्ति, परिवारबाट मुक्त हुनुपर्ने उनको विचार थियो । अरस्तुले 'पोलिटिक्स' मा 'सद्गुणी नागरिक' र 'उत्तम संविधान' को तादात्म्यमा जोड दिएका छन् । उनले कानूनको शासनलाई व्यक्तिको शासनभन्दा उत्तम माने ।

प्राकृतिक कानूनको सिद्धान्त (स्टोइक दर्शनदेखि थोमस एक्विनाससम्म) ले शाश्वत नैतिक मान्यतालाई राजनीतिको आधार मानेको छ । म्याकियाभेलीले 'द प्रिन्स' मा राज्यहितका लागि नैतिक सीमा उल्लंघन गर्न सकिने यथार्थवादी (तर विवादास्पद) विचार राखे । यो विचारले 'साध्यले साधनलाई उचित ठहऱ्याउँछ' भन्ने मान्यतालाई बल पुऱ्यायो । तथापि, थोमस हब्स, जोन लक र जाँ-ज्याक रुसोले सामाजिक अनुबन्धनको सिद्धान्त मार्फत राज्यको नैतिक आधार खोजे । राज्य नागरिकको सहमतिमा आधारित हुनुपर्ने तर्क गरे । इमानुएल कान्टको 'कर्तव्यविमर्श' ले राजनीतिक कार्यको नैतिक मूल्याङ्कनका लागि सार्वभौम सिद्धान्त प्रस्तुत गऱ्यो ।

कुनै कार्य त्यसको परिणामले होइन, नियतले नैतिक हुन्छ । जेरेमी बेन्थम र जोन स्टुअर्ट मिलको उपयोगितावादले 'अधिकतम व्यक्तिको अधिकतम सुख' लाई राजनीतिक निर्णयको आधार मान्यो । जोन रल्सले 'अ थ्यौरी अफ जस्टिस' मा 'अज्ञानताको पर्दा' को काल्पनिक स्थितिबाट न्यायका सिद्धान्त निष्कर्षित गरे । उनले न्यायलाई पहिलो सद्गुणका रूपमा स्थापित गरे । कमजोर वर्गको हितलाई प्राथमिकता दिनुपर्ने उनको धारणा थियो । यी विविध दार्शनिक दृष्टिकोणले राजनीतिक नैतिकताको सैद्धान्तिक धरातललाई अत्यन्त उर्वर बनाएका छन् ।

### समकालीन नैतिक द्वन्द्व एवं चिन्तन

वर्तमान लोकतान्त्रिक युगमा नयाँ नैतिक चुनौती र द्वन्द्व देखा परेका छन् । राष्ट्रिय स्वार्थ र विश्वव्यापी मानवतावाद बीचको सन्तुलन जटिल प्रश्न हो । आप्रवासन, शरणार्थी समस्याले नैतिक बहस जन्माएका छन् । वातावरणीय नैतिकताले राजनीतिक निर्णय प्रक्रियामा दीर्घकालीन पर्यावरणीय प्रभावलाई केन्द्रमा राख्न माग गर्दछ । अन्तरपुस्ता न्यायको अवधारणा महत्वपूर्ण बनेको छ । कृत्रिम बौद्धिकताको विकासले ल्याएका नैतिक प्रश्न (जस्तै, स्वायत्त हतियार, डेटा गोपनीयता, रोजगारी विस्थापन) गम्भीर छन् ।

राजनीतिक सञ्चारमा 'उत्तर-सत्य' को अवधारणाले सत्य र तथ्यको अवमूल्यन गरेको छ । सामाजिक सञ्जालको दुरुपयोगले घृणा फैलाउने काम गरेको छ । व्यक्तिगत स्वतन्त्रता र सार्वजनिक हितको द्वन्द्व समाधान गर्नु निरन्तरको नैतिक चुनौती हो । महामारी जस्ता संकटमा यो द्वन्द्व अझ प्रखर हुन्छ । अल्पसंख्यकको अधिकार संरक्षण गर्नु, शक्तिपृथकीकरणको सिद्धान्त कायम राख्नु लोकतन्त्रका नैतिक आधार हुन् । यी जटिलताले राजनीतिक नैतिकताको निरन्तर पुनर्विचार र परिष्कारको आवश्यकता औंल्याउँछन् ।

### चुनौती, सम्भावना र मार्गनिर्देश

राजनीतिक नैतिकताका उदात्त सिद्धान्तलाई व्यवहारमा उतार्नु कठिन यात्रा हो । अनेक बाधा र व्यवधान विद्यमान छन्, तथापि सुधारका मार्ग पनि प्रशस्त छन् । व्यक्तिवादी प्रवृत्ति र सत्ताकेन्द्रित राजनीति प्रमुख समस्या हो । व्यक्तिगत लाभ, शक्ति र प्रतिष्ठाको लालसाले नैतिक मूल्यलाई अवमूल्यन गर्छ । भ्रष्टाचार र अपारदर्शिता महारोग बनेका छन् । सार्वजनिक कोषको दुरुपयोग, नीतिगत भ्रष्टाचार र निर्णय प्रक्रियामा गोप्यता व्यापक छ । दण्डहीनताको संस्कृतिले नैतिक पतन संस्थागत गर्दछ । शक्तिशाली व्यक्ति कानूनी दायराबाट उम्कँदा नैतिक पतन संस्थागत हुन्छ ।

निर्वाचन प्रणालीका विकृति गम्भीर छन् । महँगो निर्वाचन, बाहुबल र धनबलको प्रयोग, असत्य प्रचारले स्वच्छ प्रतिस्पर्धालाई बाधा पुऱ्याउँछ । अपराधीकरण राजनीतिमा प्रवेश गरेको छ । नैतिक शिक्षा र नागरिक चेतनाको अभाव समाजमा व्याप्त छ । समाजमा नैतिक मूल्यप्रतिको उदासीनता र नागरिक कर्तव्यप्रतिको बेवास्ता गम्भीर चुनौती हो । राजनीतिक दलमा आन्तरिक लोकतन्त्रको क्षयीकरण भएको छ । दल व्यक्ति वा गुटको स्वार्थमा सञ्चालित हुँदा राष्ट्रिय हित ओझेलमा पर्छ ।

### संस्थागत सुधार एवं सुदृढीकरण

संवैधानिक निकायको स्वायत्तता अनिवार्य छ । निर्वाचन आयोग, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, न्यायपालिका जस्ता निकायलाई पूर्ण स्वतन्त्र र साधनस्रोत सम्पन्न बनाउनुपर्छ । यिनको नियुक्ति प्रक्रिया निष्पक्ष, पारदर्शी हुनुपर्छ । निर्वाचन प्रणालीमा आमूल परिवर्तन आवश्यक छ । निर्वाचनलाई कम खर्चिलो, निष्पक्ष र स्वच्छ बनाउन कानूनी र प्रक्रियागत सुधार आवश्यक छ ।

राजनीतिक दल सम्बन्धी कानूनमा कडाइ गरिनुपर्छ । दल दर्ता, आर्थिक पारदर्शिता, आन्तरिक निर्वाचन, उम्मेदवार छनोट प्रक्रियालाई व्यवस्थित र पारदर्शी बनाउनुपर्छ । कठोर आचार संहिताको निर्माण र कार्यान्वयन गरिनुपर्छ । राजनीतिज्ञ र सार्वजनिक पदाधिकारीका लागि स्पष्ट, विस्तृत र कार्यान्वयनयोग्य आचारसंहिता बनाई त्यसको अनुगमन र उल्लैनमा कडा कारबाहीको व्यवस्था गर्नुपर्छ ।

### नेतृत्वको नैतिक प्रतिबद्धता र दृष्टान्त

उच्च तहका नेताबाट नैतिक आचरणको प्रारम्भ हुनुपर्छ । उनीहरूले व्यक्तिगत त्याग, निस्वार्थ सेवा र निष्ठाको उदाहरण प्रस्तुत गर्नुपर्छ । 'बोल्ने एउटा, गर्ने अर्को' प्रवृत्तिको अन्त्य हुनुपर्छ । नैतिक घोषणा र व्यवहारमा एकरूपता अनिवार्य छ । नागरिक समाज, बौद्धिक वर्ग र गैरसरकारी संस्थाले राजनीतिक प्रक्रियामा निरन्तर निगरानी, विश्लेषण र रचनात्मक आलोचना गर्नुपर्छ । मतदाता शिक्षा र राजनीतिक साक्षरता अभियान व्यापक रूपमा सञ्चालन गरी नागरिकलाई सचेत र जिम्मेवार बनाउनुपर्छ । संगठित नागरिक दबाबले भ्रष्ट र अनैतिक तत्वलाई निरुत्साहित गर्न महत्वपूर्ण भूमिका खेल्छ ।

### शिक्षा प्रणालीमा नैतिक शिक्षाको पुनर्संरचना

विद्यालय तहदेखि नै पाठ्यक्रममा नैतिक शिक्षा, नागरिक शास्त्र र लोकतान्त्रिक मूल्यमान्यतालाई प्रभावकारी रूपमा समावेश गर्नुपर्छ । सैद्धान्तिक ज्ञानका साथै नैतिक द्विविधामा विवेकपूर्ण निर्णय लिन सक्ने क्षमता विकासमा जोड दिनुपर्छ ।

### सञ्चारमाध्यमको जिम्मेवार भूमिका

स्वतन्त्र, निष्पक्ष र खोजमूलक पत्रकारिताले राजनीतिक विकृति उजागर र नैतिक राजनीतिको पक्षमा जनमत निर्माण गर्न सहयोग गर्दछ । मिडियाले आत्म-नियमन र व्यावसायिक नैतिकताको पालना गर्नुपर्छ । राजनीतिमा नैतिकताको प्रश्न केवल बौद्धिक विलासको विषय होइन । यो राष्ट्रको अस्तित्व, विकास र भविष्यसँग अविच्छिन्न रूपले गाँसिएको छ । नैतिक मूल्यको क्षयीकरणले राजनीतिक प्रणालीलाई खोक्रो बनाउँछ । यसले सामाजिक न्याय, समानता र नागरिक अधिकारको उपहास गर्दछ ।

तसर्थ, राजनीतिको शुद्धीकरण निरन्तरको नैतिक आन्दोलन हो । यसका लागि दार्शनिक अन्तर्दृष्टि, संस्थागत सुधार, नेतृत्वको प्रतिबद्धता र नागरिक जागरणको त्रिवेणी आवश्यक छ । हरेक नागरिकले राजनीतिको नैतिक धरातललाई सुदृढ गर्न आफ्नो भूमिका निर्वाह गर्नुपर्छ । किनकि नैतिकवान् राजनीति नै सभ्य, सुसंस्कृत र समृद्ध समाज निर्माणको अपरिहार्य आधार हो । यस यात्रामा आउने चुनौतीको सामना गर्दै, सम्भावनाको सदुपयोग गर्दै उत्तरदायी र नैतिक राजनीतिक संस्कृतिको निर्माण गर्नु नै आजको परम आवश्यकता हो । नेपालको सन्दर्भमा यो झनै सान्दर्भिक देखिन्छ । नैतिक पुनर्जागरण विना वास्तविक परिवर्तन सम्भव छैन । यो हाम्रो वर्तमान दायित्व हो, भावी पुस्ताको नैसर्गिक अधिकार हो । चयन अब हाम्रो हो: मौन द्रष्टा बन्ने वा सक्रिय परिवर्तनकर्ता ? समयले हामीबाट नैतिक साहसको अपेक्षा गरेको छ ।

*(साभार: अनलाइनखबर)*

# भ्रष्टाचारमा अब्बल हुँदै छ लोकतन्त्र

✍ अच्युतप्रसाद पौडेल 'चिन्तन

'नीतिले कमाऊ, रीतिले बाँच र प्रीतिले बाँच्न देऊ ।' यो पूर्वीय दर्शनको मूल मान्यता हो । नेपाल पूर्वीय धर्मशास्त्रको जननी देश हो, यो शिव, जनक र बुद्धको देश हो । संसारलाई सदाचार नीति, दर्शन, योग र ध्यान सिकाउने देश पनि । सम्पत्ति आवश्यक हो, चिरस्थायी हुन्न । नेतृत्वलगायत समाजमा हुनुपर्ने प्रमुख गुण भनेकै नीति, नैतिकता, सदाचार र इमानदारिता हो, मानव सर्वस्व हो यो । यसैबाट सामाजिक, आर्थिक, राजनीतिक जीवन शुद्ध हुन्छ । पानीको स्रोत सफा नभई धारामा राम्रो पानी भेटिन्न । असल समाज निर्माणमा सबै व्यक्ति, समूह, समाज सदाचारी नै हुनुपर्छ । धेरै समय भयो, हाम्रो समाज सदाचारका विषयमा धेरै टीकाटिप्पणी हुने गरेको छ ।

पूर्वीय धर्म दर्शनले प्रेरित नभए पनि डेनमार्क सदाचार र सुशासनमा अब्बल छ । सिंगापुर, चीन र पछिल्लो समय छिमेकी भारतले पनि सुशासन स्थापनार्थ धेरै पहल गरेको छ । त्यत्रो जनसंख्या भारतलाई बोझ होइन, वरदान भएको छ । बढी भएको खाद्यान्न निर्यातक देश बनेको छ त्यो । यहाँ पनि सुशासनका आदर्शहरु बेस्सरी सिकाइन्छ । तर हाम्रो लोकतन्त्र, संघीयता र गणतन्त्र भ्रष्टाचारमा अब्बल छ र अन्तर्राष्ट्रिय रुपमै देश अपराधीहरुको ट्रान्जिटमा छ अनि खैरो सूचीमा पनि । केही वर्षअघि नै एक अन्तर्राष्ट्रिय व्यक्तिले भनेका थिए- त्रिभुवन विमानस्थलको अध्यागमनबाट हात्ती पनि छिर्न सक्छ ।

अध्यागमनमा बस्नेहरुले सुनको बोराले घर भरेका खबर बग्रेल्ती आएका हुन् विगतमा । सेटिङ नमिल्दा एकाध केसहरु बाहिर छरिएका पनि हुन् । स्वयं गृह मन्त्रालयको संकेतविना मानव तस्करी त सम्भव नै हुन्न । पछिल्लो समय मानव तस्करीका बग्रेल्ती केसहरु आएका छन् । भूटानी शरणार्थीको जरा पत्तो लाग्ने देखेपछि बालुवाटार नै ढलपल भएकै हो एक सालअघि । भैरहवा विमानस्थलको छानबिन गर्न दूध चोरको बिरालो नै तयार भएको भने कसैले सामाजिक सन्जालमा, त कसैले कुखुरा चोर पत्ता लाउने जिम्मा स्याललें नै पाएछ पनि भनेका छन् अहिले ।

केन्द्रीय गृह सचिव थुनामा पर्ने र उनलाई पठाउनेमाथि केही नहुने लोकतन्त्र हाम्रा लागि अब्बल भएको छ । पछिल्लो समय पतञ्जलि जग्गा साटफेरको कुरोमा माउलाई हल्का निम्ता गरिएको देखिन्छ । यस्तो मन्त्रिपरिषदको निर्णय कार्यान्वयन गर्दिन भन्दै यसमा चित्त नबुझ्दा मैले जागिरबाटै राजीनामा दिएको हुँ भन्दै छन् भूभिसुधार विभागका पूर्वमहानिर्देशक, अहिले कुरो सतहमा आएपछि । यता भने विमानस्थलका अध्यगमन प्रमुखमाथि छापा हान्ने सुइँको नपाउँदै गृहले आफनै काखमा बोलाएको र पनि अमुक पात्र अख्तियारको नियन्त्रणमा रहेको समाचार आउँदा आउँदैको तयार आलेख हो यो ।

सामान्यतया एक कर्मचारीको एक कार्यालय अवधि २ वर्षको हो । तर सेटिङमा आउन नसक्नेलाई झिक्ने र सेटिङमा आउन सक्नेलाई पठाउनैका लागि त्यो प्रावधान लाग भएको छैन । अहिले मानव तस्करमा तानिएका अध्यागमन प्रमुख पुरानो सरकार ढलेपछि बनेको नयाँ सरकारका गृहमन्त्रीले गत असौजमा पठाइएका व्यक्ति हुन् र अघिल्लाले २ वर्ष काम गर्न भ्याएनन् । अस्थिर निजामती प्रशासन लोकतन्त्रको आदर्श हो र अहिलेसम्म निजामती ऐन आएको छैन ।

वर्षौंको हल्लाखल्लापछि भर्खरै यो ऐन तयारी सन्दर्भमा सुशासन समितिले के एक प्रावधान कुलिङ पिरियडको राख्याथ्यो, सबै कराउन थाले, सचिवदेखि उपसचिवसम्म । वास्तवमा लोकतन्त्रले शिक्षा विधेयक वा निजामती विधेयक नल्याएको पनि जता टेक्न पनि पाइने भएरै हो, ल्याउनै मन छैन उसलाई । लोकतन्त्र लोभतन्त्रमा परिणत भएकाले ऊ आफैंलाई आफूप्रति विश्वास छैन र त भन्छ, धर्मका नाममा अपराध गर्न छुट हुन्न, प्रतिगमन मेरो पालामा कमसेकम उठ्न म दिन्न, र १४ महिनापछि सजिलै सत्ता बालकोटबाट बूढानीलकण्ठ सर्छ भनेर । भिजिट भिसामा अध्यागमनले मानव तस्करी गरिरहेको जतातत‍ै समाचार आइरहेको छ । बिचौलिया, ट्राभल एजेन्सी लगायतका थुप्रै संस्थाहरु होलान् यसमा, छानबिन गर्नेले गर्ला तर स्रोत खोज्दै जाँदा खोज्ने नै भिजेको बिरालोजस्तो देखिने विगतको यथार्थ छ । सामान्य कर्मचारी अध्यागमनमा कहाँ पुग्न सक्छ, लोकसेवा बल्ल पास गरेमा उसलाई हुलाक नै पर्याप्त छ वा अरु संस्था पाएमा एक वर्षमा ६ चोटिसम्म सरुवा वा काजमा अन्यत्र सारिन्छ । कम्पनी रजिस्टार कार्यालय कहाँ पाइन्छ वा कर, भन्सार, मालपोत वा उर्वर अड्डा कसरी पाउने ? ट्रेड युनियनको खटनपटन, मन्त्रीज्यूको निजी सचिवालयको ग्रीन सिग्नल नभएसम्म वा यसो भनौं, दलको ल्याकत र सिफारिस नभएसम्म कुनै राष्ट्रसेवकले पेन्सन पकाउन सक्यो भने त्यो संसारको अनौठो आश्चर्य मध्येको एक हुन्छ । र त कर्मचारीको परिवार नै जागिरे रहेछ भने उसका ३ जना परिवारमा कसैलाई कांग्रेसको, कसैलाई एमालेको वा कसैलाई माओवादीको अब्बल कार्यकर्ता भएकै हुनुपर्छ ।

रास्वपा भयो भने पनि दु:ख हुन्छ, राप्रपा भए पनि अहिलेको सन्दर्भमा जागिर दु:खजिलोमै बित्ने हो । चुनाव हार्दा गभर्नर, राजदूत, आयोगका अध्यक्ष वा कार्यकारी निर्देशक बन्ने योग्यता हुन्छ । बिमा प्राधीकरणका पहिलेका अध्यक्षको केस र अहिलेकाको केस पनि बाहिर आइसकेको छ । अर्थात् अध्यागमन पठाउने गृहमन्त्री, बिमा पठाउने अर्थमन्त्री, ग्रिन सिग्नल दिने बालुवाटर, बालकोट, बूढानीलकण्ठ वा च्यासलचोक । बस्, यतै-उतै घुमिरहेको छ नेपालको लोकतन्त्र र गणतन्त्र । प्रदेशतिर दोस्रो दर्जाकालाई पद वितरण गर्दागर्दै लोकतन्त्र व्यस्त भइरहन्छ, जनता हेर्न भ्याउँदैन र त उच्च बेरुजु, उच्च व्यापारघाटा, उच्च ऋणमा परेको छ नेपालको भूमि ।

*(साभार: न्यूज अफ नेपाल)*

# पुल्पुल्याएर नियम सिकाउँदै हुर्काउन सकिन्छ बालबालिका



यतिबेला हामी एक अनौठो समयमा बाँचिरहेका छौं । हामीभन्दा अघिल्लो पुस्ताले हामीलाई नियम बढ्ता सिकाउन खोज्यो, प्रेम व्यक्त गर्न अलिक कम सिकायो वा जानेन । अहिलेको नयाँ पुस्ताले प्रेमको भाषा निकै राम्रोसँग बुझ्छ तर नियम र अनुशासन बिर्संदै गएको छ । जबकि उसलाई नियमको भाषा पनि त्यत्तिकै सिकाउन आवश्यक छ ।

पहिले प्रेम कम र नियम बढी थियो तर आज प्रेम बढी र नियम अर्थात् अनुशासन र जिम्मेवारी कम हुँदै गएको छ । समग्रमा, सन्तुलन फेरि पनि बिग्रँदै गएको छ । यो मिलाउने कसरी ? र, यो समयमा हामीले लाडप्यार अनि नियम दुवै आदत सिकाउँदै नानीबाबुहरू हुर्काउनुपर्नेछ । हामी बच्चा हुँदा जे-जे भोग्यौं, अभिभावक हुँदा त्यही-त्यही गर्न अब नमिल्ने भइसकेको छ । त्यसैले यो आलेखमा स्कूलमा बालबालिकालाई सीपहरू सिकाउँदा होस् या घरमा अभिभावकहरूले आफ्ना सन्तानको हेरविचार गर्दा कस्ता उपायहरू अपनाउनुपर्छ भन्नेबारे छलफल गर्न खोजिएको छ ।

यो समग्र प्रकृति नै दुई ध्रुवका तत्वहरूको संयोजनमा बनेको छ । दिन र रात, महिला र पुरुष, कालो र सेतो, प्रेम र डर, माया र घृणा आदि आदि । आजको विज्ञान र कम्प्युटरका हरेक प्रोग्रामहरूको निर्माण पनि बाइनरी अपोजिसन, शून्य र एकको खेलमा चलेको छ । यो समय यस्तै विपरीत ध्रुवमा रहेका तत्वहरूको सही संयोजन गर्दै यहाँसम्म आइपुगेको छ । यस आलेखको चिन्तन पनि यस्तै दुई सिकाइका खुट्टाहरू, प्रेम र डरको सही सदुपयोगको बारेमा छ ।

मानिस विचार र भावनाको एक पूर्ण संयोजनमा चल्ने प्राणी हो । शरीर अर्बौं कोषहरूले बनेको होला तर समग्रमा, यो एक जटिल संयोजन भएको एक इन्जिन हो । अनेक र सायनहरूको । अनेक सिस्टम र तत्वहरूको । यहाँ आगो छ, पानी छ, वायु छ, आकाश (इथर) छ । सबैको सही सन्तुलन र संयोजनले नै एक समग्र शरीर क्रियाशील हुन्छ । यसै क्रममा हाम्रो स्कूलहरूमा विद्यार्थीलाई सिकाउने क्रममा माया र प्रेमको मात्रै प्रयोग गरेर हामी एक सक्षम, अब्बल, कर्मठ, निडर मानिसको उत्पादन गर्न सक्छौं कि सक्दैनौं ? के एक मानिसले जीवनभर डरको व्यवस्थापन गर्न सिक्नुपर्छ कि पर्दैन त ? जसरी दिनको सदुपयोग मात्रले पुग्दैन र हामी रातको पनि सही सदुपयोग गर्दछौं भने प्रेमको सदुपयोगसँगै डरको पनि सिर्जनात्मक र भरमग्दुर उपयोग कसरी गर्न सक्छौं ? त्यो नकारात्मक ऊर्जाको पनि सकारात्मक व्यवस्थापन विद्यार्थीमा कसरी गर्न सकिन्छ ? यो आलेखको मूल उठान यसैमा छ । हामीले बालबालिकालाई धेरै नियम मात्रै सिकायौं, प्रेम दिन सकेनौं भने यसको मूल्य महँगो पर्छ । किनभने धेरै नियम भए उनीहरू विद्रोही, आक्रोशित वा कुण्ठित बन्न जान्छन् ।

अनि माया मात्रै बढ्ता सिकायौं, नियममा अभ्यस्त बनाउन सकेनौं भने उनीहरूको भावना र आत्मविश्वास कमजोर बन्न सक्छ । हामी बालबालिकालाई एउटा मात्रै भावना छान्न लगाउन सक्दैनौं । दुवैको सन्तुलन अनिवार्य हुन्छ । त्यस बेला हामीलाई दण्ड दिने साहस र सीप दुवै हुनुपर्छ । याद गरौं, त्यो दण्ड सुधारात्मक र सीपोन्मुख भने हुनैपर्छ । नत्र दण्डको नियम मात्रै लागू गराउन खोज्दा त्यो पनि उल्टै हानिकारक बन्न जान्छ । अचेल कतिपय बालबालिका सानै उमेरमा साइबर क्राइममा फसेका समाचारहरू आइरहेका हुन्छन् । अधिक दण्डले उनीहरूलाई नियमकै महत्व नबुझ्ने र असीमित रूपमा उद्दण्ड बन्न नकारात्मक प्रेरणा दिइरहेको हुन्छ ।

त्यसैले बालबालिकालाई आवश्यकता अनुसार सीपोन्मुख गराउँदै सुधारात्मक दण्ड वा अनुशासनबाट सिकाइसम्म पुर्‍याउनुपर्छ । त्यसले उनीहरूलाई आफ्नो र वरिपरिको अवस्थाबारे सही ढङ्गले सिक्न मद्दत पुर्‍याओस् । कतिपय बालबालिका हुर्कँदै गएपछि आफ्नै बा-आमासँग गुनासो गरिरहेका हुन्छन्- सानोमा तपाईंहरू मेरा लागि जे पनि गरिदिनुहुन्थ्यो, अचेल गर्दै गर्नुहुन्न । वा कसैलाई लाग्न सक्छ, मलाई अभिभावकले सानोमा बढ्ता माया गर्नुहुन्थ्यो, अहिले गर्नुहुन्न । मैले यस बीचमा कतिपय अभिभावक र बालबालिकाहरूबीच नराम्रोसँग सम्बन्ध बिग्रेको समेत फेला पारें । अनि कतिपय बालबालिका चाहिं बाटो बिराउँदै गएको पनि भेट्टाएँ ।

हामी ठान्छौं, बालबालिका हामी जस्तो बन्न सकेनन् वा हामीले चाहे जस्तो उनीहरू हुन सकेनन् । खासमा प्रत्येक बालबालिकाको आ-आफ्नै गुण र स्वभाव हुन सक्छन् । उनीहरूलाई जन्माएर मात्रै पुग्दैन, आफ्नै सन्तानलाई पनि उसकै स्वभावको डालोमा राखेर चिन्न सक्नुपर्छ । यसरी भनौं, जन्माउने र हुर्काउने दुई अलग प्रक्रिया हुन् । यही हुर्काउने क्रममा संस्कार, मूल्य र नियमको सिकाइ आवश्यक पर्छ । लाडप्यार र अनुशासन दुवैको महत्व यहींनेर झल्किन आउँछ ।

हामीले सामान्यतया बालबालिकालाई ६ वर्षको हुँदासम्म लाडप्यारमा रत्याउन सक्छौं । तर, त्यसपछि १२ वर्षको हुँदासम्म भने अनुशासन र नियम सिकाउनै पर्छ । अनि १६ वर्षसम्म जीवन र समाजका विभिन्न मूल्य सिकाउने काम गर्नुपर्छ । पूर्वीय दर्शन अनि शास्त्रहरूमा सिकाइका मान्यताका बारेमा गहन चिन्तन र खोज भएको पाइन्छ । ५ वर्षसम्म आफ्नो सन्तानलाई लाडप्यारले पालनपोषण गर्नुपर्छ, त्यसपछि थप दश वर्ष अर्थात् १५ वर्षसम्म काममा जिम्मेवार र अनुशासनमा राख्नुपर्छ र त्यसपछि भने सधैं मित्रवत् व्यवहार गर्नुपर्छ । समयानुकूल यो आदर्श परिवर्तन हुन्छ होला तर मूल आशय सन्तुलनको हो भनेर पनि बिर्सन हुन्न । यसका लागि अभिभावकले एकअर्कासँग प्रशस्त छलफल गर्नुपर्छ । किनभने बालबालिकासँग छलफल गर्नुअघि बा-आमा वा अभिभावक बीच समान धारणा बन्न सकेन भने आफ्नै बालबालिकाले बा-आमासँग पनि बार्गेनिङ गर्ने छुट्टाछुट्टै छिद्रहरू फेला पार्छन् । अनि, त्यसैमा भावनात्मक रूपले खेल्ने बानीको विकास गर्न पनि सक्छ ।

तपाईं हामीलाई थाहै छ नि, बालबालिकाहरू सितिमिति हार्न मान्दैनन् । मैले नै केटाकेटी हुर्काउँदा उनीहरू सानोमा हामीलाई कत्ति धेरै पेलेको भनेर घुर्की पनि लगाउँथे । तर, स्नेहपूर्वक नियम र मूल्यहरू सिकाउँदै जाँदा एउटा विन्दुमा उनीहरू स्वत: बुझ्ने हुँदै गए । मैले लाडप्यारमा मात्रै रत्याएको भए आज त्यो लक्ष्य प्राप्त हने थिएन । म नियम र प्रेमको सन्तुलनबाट बालबालिका हुर्काउने यस प्रक्रियालाई आकाशमा कावा खाइरहेको चङ्गासँग दाँज्छु । चङ्गा आकाशमा मज्जाले कावा खाइरहेको हुन्छ तर लट्टाई भने आफ्नै साथमा हुन्छ । नियम सहितको लाडप्यार यस्तै चङ्गा हो, जसको लट्टाई जहिले पनि अभिभावकसँग हुन्छ । अनि, बालबालिका मर्यादित संस्कारका साथ स्वतन्त्रताको उपभोग गर्न सिक्छन् ।

खेलमा उनीहरू हारे कि जिते भन्ने प्रश्नमा धेरै ठोकिनुभन्दा उस्तै समानुभूति र करुणा सहित स्नेह दिइराख्यो भने हार-जित जे भए पनि उनीहरूको मनोबलमा असामान्य उतारचढाव कहिल्यै आउँदैन । तिम्रो नतिजा भन्दा कोसिस महत्वपूर्ण थियो भनेर बालबालिकालाई सिकाउनुअघि हामी अभिभावक आफैंले यो विषयको महत्व बुझ्न जरूरी हुन्छ ।

हामीले जङ्कफुड खाने विषयमा होस् या अरू कुनै नकारात्मक नतिजा दिने विषयमा होस्ह बालबालिकालाई जहिल्यै चनाखो राख्नुपर्छ । उनीहरूले मानेनन् भने यस्तो दण्ड दिऔं कि जसभित्र प्रोत्साहन पनि साथै लुकेको होस् । जस्तो कि उनीहरूलाई आफ्नो लुगा आफैं धुन लगाऔं । तत्काल धुनु परेन । बरु तीन दिन जतिको समय छुट्याऔं । भोलिपल्ट धोएनन् भने पर्सिपल्ट अन्तिम चेतावनी दिऔं । केही सीप लागेन भने बरु लुगालाई आधाआधा बाँडेर भए पनि धोऔं । तर जसरी भए पनि दण्डको कार्यान्वयन गरेरै छाडौं । हामी आफ्ना निश्चित मूल्यमा अविचल हुनुपर्छ । उनीहरूलाई सिकाउनैपर्छ तर नरम तरिकाले ।

इटालीको रेनेसा युगका दार्शनिक निकोलो म्याकियाभेली लेख्छन्- प्रेम र भय दुवैको सही सन्तुलन मिल्न सकेन भने प्रेमले भन्दा भयले मानिसलाई बढी बलियो बनाउँछ । त्यो म्याकियाभेलीको समयको परिवेशमा सही थियो होला । हाल यो परिभाषाको सार्थकता अलि कम हुनसक्ला । तर, यसमा दीर्घकालीन सत्य निकै गम्भीर भएर लुकेको छ । सन्तुलनको सिद्धान्तको कुनै समय छैन । हिजो थियो र आज पनि उत्तिकै प्रयोग हुन्छ । भर्खरै अमेरिकामा यो कुरा निकै बहसको विषय बनेको थियो । डोनाल्ड ट्रम्पले विद्यालयमा अनुशासन कायम गर्न सजायको प्रयोग गर्ने कि नगर्ने सन्दर्भमा निकै बहस पश्चात् एक नयाँ नियम बनाएर हस्ताक्षर नै गरिसकेका छन् । विद्यालयमा देखिएको अनुशासनहीनता र अराजकता बढ्दै गएपछि सजायलाई वैधानिकता दिइएको छ । नियम र कानून खुल्ला पारिएको छ । नेपालमा पनि कुनै सन्तुलित उपायको खोजी अत्यावश्यक भएको छ । कस्तो विधि वा प्रणालीचाहिं सर्प पनि मर्ने र लट्ठी पनि नभाँचिने हुनसक्ला त ?

त्यसैले अभिभावकले अभिभावकत्व वहन गर्ने क्रममा माया र नियम (लाडप्यार र नीति) को दुवै खुट्टा चलाउनुपर्छ । आफ्ना छोराछोरी हुर्काउने र बढाउने क्रममा विभिन्न भूमिका निर्वाह गर्नुपर्छ । यसरी बुझौं, अभिभावक एक शिल्पकार, चित्रकार, मूर्तिकार होह जसले आफ्ना सन्तानलाई जन्म दिएर मात्रै पुग्दैन विभिन्न खालका भूमिका निर्वाह गरेर बालबालिकालाई असल व्यवहार र आचरणमा रूपान्तरण गर्न प्रयास गर्नुपर्छ । माथि भनिए झैं बालबालिकालाई आकार दिनका लागि कहिलेकाहीं प्रोत्साहन, समर्थन, हौसला प्रदान गर्न पुरस्कार प्रदान गरिन्छ भने नियम, आचरण, अनुशासन र असलमार्गमा हिंडाउन दण्डको पनि सहारा लिन सकिन्छ । तर, त्यो दण्ड ठाडो नभएर सिर्जनशील र कम क्षति पुर्‍याउने हुन जरूरी हुन्छ । हरेक विद्यार्थीले समस्यालाई अवसरको रूपमा देख्नका लागि पनि तालिमको आवश्यकता पर्दछ ।

नत्र त त्यस विद्यार्थीले समस्यालाई समस्या मात्र देखे, कसरी सो समस्यासँग जुध्ने बानीको विकास हुन सक्छ ? त्यसैले पनि हरेक विद्यार्थीलाई डरबाट भाग्ने होइन कि त्यससँग सामना र समाधान गर्ने सिर्जनशील बन्न प्रेरित गर्नुपर्ने हुन्छ । त्यसका लागि पनि विद्यालयमा अनेक प्रकारका अभ्यासहरूको जरूरी हुन्छ । घरमा पनि योजनाबद्ध अभ्यासको आवश्यकता रहन्छ । जन्मँदा मानिस रुँदै जन्मन्छ । तर्सँदै जन्मन्छ । मानिस जिजीविषा अर्थात् बाँच्ने इच्छा लिएर जन्मन्छ । त्यहाँ प्रेमको भोक हुन्छ नै र मरिएला कि भन्ने डरको पोको पनि सँगै आएको हुन्छ । त्यसपछिका दिनहरूमा पनि हरेक क्षणमा डरको सामना गर्नैपर्ने हुन्छ । त्यसबाट कसैगरे पनि भाग्नै सकिन्न । त्यसको सामना गर्न र त्यो डर भावनाको सदुपयोग गर्न नसिके अरू कुनै उपाय पनि हुन्न । मानिसको शरीरको विकास र त्यसको परिवर्तनको क्रममा दिमागभित्र दुई अङ्गको प्रस्ट विकास भएको छ । हाइपोथालामस, जो प्रेम र भावनाको पुञ्ज हो भने अर्को अमिग्डाला, जो डरको नियन्त्रण र सदुपयोग गर्ने भाग हो । दुवैको सन्तुलित प्रयोगबाट नै त शरीरका सारा संयन्त्र चलेका छन् । शिक्षण र सिकाइमा त्यो सन्तुलन मिलाउने कसरी ?

मानिसको सबैभन्दा ठूलो नै अदृश्य चिजको भय हो । भविष्यको भय हो । कल्पनाको भय हो । मनको बाघको भय हो । त्यस्ता भयको पूर्वानुमान लगाउन सक्नु नै सो भयसँग लड्ने औजारको जोडजाम गर्न थाल्नु हो । सो भयको बारेमा सोचेर मात्र बस्नु समाधान हैन तर त्यसको निराकरण गर्न नयाँ कर्मको रूपरेखा कोर्न थाल्नुचाहिं सही भयको निवारण गर्नु हो । कुनै काल्पनिक घटनाको दृश्य देखाएर भए पनि त्यस्तो अभ्यास हरेक स्कूलमा गराउन अत्यावश्यक हुन्छ । हार्वर्ड विश्वविद्यालयले स्नातकोत्तरका विद्यार्थीमा त्यस्तै घटेका संस्थागत समस्याहरू वा कुनै व्यक्तिगत वा काल्पनिक समस्याहरू बनाएर पनि अभ्यास गराउने गर्छ । सो मोडल आजकल विद्यालयस्तरमा पनि सुरुवात गर्न थालिएको छ । यो सबै अभ्यास समस्यालाई नजिकबाट केलाउने अनि त्यसको तार्किक अनि सही निर्णय निकाल्ने प्रयासस्वरूप गराइएको नै हो । यो अभ्यासलाई सरल बनाएर विद्यालयस्तरबाट नै सबैले सुरुवात गर्दा उत्तम नै होला । किनकि, समस्यामा नै अवसरहरूको चुरो लुकेको हुन्छ ।

तसर्थ, कुनै पनि समस्यालाई अगाडि सारिदिएर त्यसको समाधान खोज्न सिकाउनै पर्छ । त्यसको समाधान एक्लै निस्कन्न भने शिक्षकको सहयोग लिन सिकाउने हो । त्यसमा साथीहरूको मद्दत लिन पनि सिकाउन सकिन्छ । समूहबाट सजिलै र छिटै समस्याको हल खोज्ने बानीको विकास गर्न अति आवश्यक हुन्छ । प्रेमसँगै डर यस्तो भावना हो जुन जीवनको हरेक समयमा र हरेक उमेरमा भिन्न-भिन्न रूप र आकारमा हाम्रो अगाडि आइरहन्छ । त्यसको सामना बलियो बनेर गर्नै पर्छ । त्यो बलियो बनाउने कसरी ?

प्रसिद्ध दार्शनिक बारुक स्पिनोजाको भनाइ छ- मानिस कुनै न कुनै आशाका लागि बाँच्छ तर त्यस्तो कुनै आशा हुन्न जसमा डर मिसिएको नहोस् । आशाभित्र डर हुन्छ र डरभित्र पनि कतै आशा हुन्छ । मानिस केही कुरा प्राप्त गर्न चाहन्छ । पाएको कुरा गुमाउन पनि चाहँदैन । यो मानिसको जन्मजात गुण र स्वभाव हो । तसर्थ छोराछोरीलाई पुरस्कारले अझ अगाडि बढ्न, केही कुरा प्राप्त गर्न, प्रतिस्पर्धामा अगाडि बढ्न प्रेरणा मिल्दछ । दण्डले पनि छोराछोरी भित्रका कमी-कमजोरीलाई हटाएर विस्तारै सुधार गर्ने प्रक्रियामा लैजान्छ । दण्ड र पुरस्कार दुवै उत्प्रेरणाका कारण हुन् । यसले बालबालिकालाई राम्रो बाटो देखाउँछ । यद्यपि यसको सन्तुलन मिलाउन सकिएन भने यसको फल सकारात्मक र नकारात्मक दुवै आउन सक्छ वा सन्तुलन बिग्रन पनि सक्छ ।

पुरस्कार भन्नाले सामान्य अर्थमा हाम्रो बुझाइ भौतिक वस्तु प्रदान गर्नु मात्र भन्ने छ । बालबालिकालाई चाहिएको कुरा किनिदिनु वा चाहना पूरा गर्नुलाई बुझिन्छ । तिमी यो सिक म तिमीलाई साइकल किनिदिन्छु । यो मात्र पुरस्कार हैन । वास्तवमा पुरस्कार वस्तु मात्र नभई शब्द पनि हो । मायालु शैलीमा स्पर्श गर्नु, धाप मार्नु, तिमी मेरा लागि विशेष हौ भन्नु पनि हो । म तिमीसँग गर्व गर्छु । तिमी एक अनमोल बन्नेछौ । म तिमीलाई धेरै माया गर्छु भनेर पनि प्रशंसा र प्रेरणा प्रदान गर्न सकिन्छ । उसका सबल पक्षहरूमा अझ बढी प्रोत्साहन दिन विज्ञहरूसँग जोडेर तालिम दिने, अझ बढी सीप विकासमा सहयोग गरेर प्रेरणा प्रदान गर्न सकिन्छ ।

अर्को उदाहरण दिने हो भने प्रेम र डर कुनै पनि निर्माणमा प्रयोग हुने बालुवा र सिमेन्टको सही मात्रा जस्तै हुन्छ । आवश्यकता नै आविष्कारको जननी हो भने जस्तै थोरै डर पनि सचेतना र पूर्वानुमानको चाबी हुनसक्छ । त्यसले कल्पना गर्ने शक्ति दोब्बर पारेर भोलि हुनसक्ने घटनाको पूर्वानुमान आजै लगाउन सिकाउँछ र समस्याको सही समाधान खोज्न प्रेरित गर्दछ । तसर्थ, उमेर, घटना, समस्याअनुसार दुबै विपरीतध्रुवका भावनाहरूको सही सदुपयोग विद्यालयमा पनि सिकाउनै पर्छ । अभ्यास गराउनै पर्छ ।

सानोमा छोराछोरीको आवश्यकता सानो हुन्छ । ठूलो हुँदै गएपछि आवश्यकता र चाहना दुवै बढ्दै जान्छन् । उनीहरूका आवश्यकता र चाहना आमा-बाबाले पूरा गर्न नसक्ने अवस्था आउँछ । यसले गर्दा उनीहरूभित्र नकारात्मक मनोविज्ञानको विकास हुन्छ । किन आजकाल मलाई माया गर्नुहुन्न ? सानोमा त जे भन्यो त्यही किनिदिनु हुन्थ्यो भन्ने खालका प्रश्न गर्न थाल्छन् । यसले बालमनोविज्ञानमा असर परेको हामीले हाम्रो समाजमा देखेका छौं । उनीहरू तुलनात्मक अध्ययन गर्न सक्दैनन् । अहिले मेरो चाहना बढ्यो र आर्थिक भार ठूलो हुन गयो भनेर सोच्न सक्ने अवस्था उनीहरूभित्र विकास भएको हुँदैन । जे भन्यो त्यही कुरा पाउँदा उनीहरूमा वस्तुको महत्व नबुझ्ने र धैर्यको विकास पनि नहुने गुण र स्वभाव बढ्दै जान्छन् । त्यसकारण पुरस्कार भन्ने वस्तु मात्र होइन । पुरस्कार शब्द र व्यवहारबाट पनि व्यक्त गर्न सक्छौं । हामीले शब्दबाट पनि उनीहरूलाई उत्प्रेरणा प्रदान गर्न सकिन्छ । तिमीले राम्रो गर्न सक्छौ । तिम्रो प्रयास राम्रो छ । प्रयासलाई जारी राख । म तिम्रो प्रयासदेखि खुशी छु भनेर समर्थन जनाउन सकिन्छ ।

एक प्रख्यात भियतनामी कथन छ कि डरले मानिसलाई विगतको ऐना फेरि देखाउँछ अनि भविष्यको छायाँ आजै झल्काउँछ र वर्तमानको बारेमा सचेत गराउँछ । दण्ड भन्नाले हाम्रो बुझाइ फरक छ । बालबालिकालाई लट्ठीले पिट्नु, चिमोट्नु, आँखा तर्नु आदिलाई दण्ड भनेर आमरूपले बुझिँदै आएको छ । वास्तवमा लट्ठीको प्रतीकात्मक अर्थ सहारा हो । तिम्रो कमी-कमजोरी हटाउनलाई म सहारा बन्छु भन्ने मानसिकता हो । अक्षर नराम्रा छन् भने थप समय दिएर अक्षर सुधारका लागि निरन्तर मिहिनेत गराउन सकिन्छ । यस्ता दण्डले बालबालिकाको सीप विकासमा सहयोग गर्नुपर्दछ । तसर्थ दण्ड भौतिक र मानसिक दबाब मात्र दिनु होइन । उनीहरूको सीपसँग जोडिने खालको हुनुपर्छ । यसले गर्दा उनीहरूको मिहिनेत गर्ने आदतको विकास भई आत्मविश्वास बढ्दै जान्छ । म सक्दिनँ भन्ने कुरालाई हटाई आफैंप्रति सकारात्मक भावनाको विकास गर्दछ । पुरस्कारले बाल बालिकाको सबल पक्षलाई उजागर गर्दछ भने दण्डले उनीहरूको कमी-कमजोरीलाई सुधार गर्न प्रेरणा मिल्छ । *(स्रोत: अनलाइनखबर)*

# दर्शकले रुचाए ‘जन्ते बाखो’, हरि पात्रको प्रशंसा



काठमाडौं/‘घामै राजा’ र ‘मुकु मुकु म्याँ’ गीतका कारण प्रदर्शनअघि चर्चामा रहेको फिल्म ‘जन्ते बाखो’ले बक्स अफिसमा अपेक्षाअनुरुप व्यापार गर्न सकेको छैन । प्रदर्शनको पहिलो दिन (शुक्रबार) फिल्मको देशव्यापी अकुपेन्सी १० प्रतिशत पनि पुग्न सकेन । शनिबार भने ३० प्रतिशत हाराहारी रह्यो । दुई दिनको अकुपेन्सी कमजोर देखिएपछि फिल्मका धेरै शोहरू आइतबार कटौती भएका छन् ।

तर, व्यापार जे-जस्तो भए पनि फिल्मलाई दर्शकीय प्रतिक्रिया राम्रो मिलेको छ । शुक्रबार र शनिबार हलमा भेटिएका दर्शकहरूले सञ्चारकर्मीसँगको कुराकानीमा कथावस्तु र कलाकारको अभिनयको प्रशंसा गरे । प्राय:ले हरि पात्रको भूमिकामा अभिनय गरेका आसिफ शाहको कामलाई निकै मन पराएका छन् । शनिबार एक युवतीले हलबाट बाहिरिँदै गर्दा ‘आइ लभ यू हरि’ भनेकी थिइन् ।

पछिल्लो समय पार्टी प्यालेस केन्द्रित विवाहले जन्ते बाखो खुवाउने प्रचलन हराउँदै गएको अवस्थामा फिल्मले पुरानो परम्परालाई स्मरण गराएको भन्दै कति दर्शकले खुसी व्यक्त गरेका छन् भने कतिले सोचेभन्दा पनि राम्रो फिल्म रहेको प्रतिक्रिया दिएका छन् । यसबाट निर्माण पक्ष उत्साहित देखिएको छ । ‘माउथ पब्लिसिटी’को प्रभाव विस्तारै व्यापारमा देखिने अपेक्षा निर्माताले गरेका छन् ।

शुक्रबार र शनिबार फिल्मका तीन मुख्य कलाकार सौगात मल्ल, आसिफ शाह र गरिमा शर्मा काठमाडौंका विभिन्न हलमा पुग्दा उनीहरुसँग भेट्न र तस्वीर खिच्न दर्शकहरुबीच हानाथाप चलेको थियो । दर्शकबाट मिलेको प्रतिक्रियाले हर्षित देखिएकी गरिमाले आफू नयाँ भएका कारण फिल्म हेरेर साथ दिन आग्रह गरिन् । उनले मुख्य अभिनेत्रीको रूपमा काम गरेको यो पहिलो फिल्म हो ।

सिमोस सुनुवारको निर्देशनमा बनेको फिल्ममा रमा थपलिया, लोकेन्द्र लेखक, कमल देवकोटा, विशाल पहाडी, रुशा न्यौपाने, कुसुम शर्मा, स्नेहा जोशी, समापिका गौतमलगायतको पनि अभिनय छ । फिल्मले हराउँदै गएको जन्ते बाखो खुवाउने परम्परा, दुना-टपरीमा भोज खाने संस्कृति र ग्रामीण चालचलनलाई रमाइलो ढङ्गले प्रस्तुत गरेको छ । फिल्मका निर्माता सन्तोष गौतम हुन् ।

# फागुन १ मा पुग्यो ‘कल्ली’, यस्तो बन्यो पोस्टर




काठमाडौं/लक्ष्मण सुनारको निर्देशनमा बनेको मल्टीस्टारर फिल्म ‘कल्ली’को एकपटक फेरि प्रदर्शन मिति हेरफेर भएको छ । फिल्मको घोषणा हुँदा गत वर्षको चैत २९ गतेलाई प्रदर्शन मिति तोकिएको थियो । तर, छायांकनमा जान ढिलाइ भएपछि आगामी कात्तिक २१ गतेलाई नयाँ प्रदर्शन मिति तय गरियो । अब उक्त मितिबाट फिल्मलाई तीन महिना पछाडि सार्दैं फागुन १ गते पुर्‍याइएको छ ।

नयाँ प्रदर्शन मितिसहित आइतबार फिल्मको दुई नयाँ पोस्टर सार्वजनिक गरिएको छ । फिल्मका ६ जना मुख्य कलाकारलाई पात्र लुक्समा प्रस्तुत गरिएको पोस्टर हेर्दा ‘कल्ली’ पौराणिक कथामा आधारित रहेको अनुमान गर्न सकिन्छ । एक पोस्टरमा सौगातले रगत लागेको भालाले कसैमाथि आक्रमण गर्न खोजेको देखिन्छ । क्रुद्ध मुद्रामा देखिएका उनको पृष्ठभूमिमा पाटे बाघको दृश्य छ ।

दोस्रो पोस्टरमा भने सौगात विल्कुलै फरक रुप देखिएका छन् । शिरमा फेटा बाँधेका उनको गलामा विभिन्नथरी माला झुन्डिएका छन् । महिलाले जसरी नाकमा बुलाकी र निधारमा रातो टीका लगाएका उनी जिब्रो निकालेर अनौठो हाउभाउमा प्रस्तुत भएका छन् । सार्वजनिक दुई पोस्टरमा सौगातलाई जुन रूपमा देखिएको छ, त्यसले फिल्ममा उनको चरित्र प्रभावशाली रहेको दर्शाउँछ ।

दोस्रो पोस्टरमा सौगातसँगै बेनिशा हमाल, उत्तम प्रधान, नाजिर हुसेन, अर्पण थापा र सुलक्षण भारती पनि चित्रित छन् । बेनिशा कर्णाली भेगकी महिलाको रूपमा देखिएकी छन् । उनको अनुहारमा पीडाभाव देखिन्छ । उत्तम बन्दुक ताकेको अवस्थामा प्रस्तुत छन् । नाजिर र अर्पणलाई गम्भीर भावमा देख्न सकिन्छ । दुई पोस्टरले फिल्ममा पात्रहरुको चरित्रचित्रण बलियो रहेको संकेत गर्छ ।

किरण नेपाली प्रस्तुतकर्ता रहेको फिल्ममा वर्षा राउत, बेगम नेपाली, विनोद न्यौपाने, रेयर राई, प्रियना आचार्य, अर्जुन गुरुङ लगायतको पनि अभिनय देख्न पाइनेछ । निसाल पौडेलको छायांकन रहेको फिल्ममा महेश दवाडीको लेखन छ । मानिसको मनमा लोभ पलाएपछि उसको जिन्दगी कहाँबाट कहाँ पुग्छ र कस्तो परिस्थिति भोग्छ भन्ने कथामा फिल्म आधारित रहेको जनाइएको छ ।

# ‘द ब्लू लाइट’को पोस्टरमा निराश बेनिशा



काठमाडौं/गत जेठ २२ गतेबाट छायांकनमा रहेको फिल्म ‘द ब्लू लाइट’को फर्स्टलुक पोस्टर सार्वजनिक गरिएको छ । पोस्टरमा फिल्मकी मुख्य अभिनेत्री बेनिशा हमाल मात्र चित्रित छन् । बारमा निराश मुद्रामा देखिएकी उनको औंलामा सल्किरहेको चुरोट र छेवैमा टकिला सटको गिलास छ । उनी कुनै पीडा भुलाउन बार पुगेको अनुमान पोस्टरबाट गर्न सकिन्छ ।

फिल्मको कथा काठमाडौंको रात्रि जीवनभित्रको तनाव, त्यसभित्रको डार्क साइड र मनोविज्ञानमा आधारित रहेको संकेत पोस्टरले गर्छ । यद्यपि, निर्माण टिमले फिल्मको कथावस्तु बारे प्रकाश पारेको छैन । २० दिनको तालिकामा यतिबेला फिल्मको छायांकन काठमाडौं उपत्यकाभित्रका विभिन्न स्थानमा भइरहेको छ ।

यो फिल्मलाई बलिराम चौहानले निर्देशन गरिरहेका छन् । उनको यो डेब्यु निर्देशन हो । यसअघि केही फिल्ममा सहायक निर्देशक भएर काम गरेका उनी ‘बलिदान’का लेखक समेत हुन् । ‘द ब्लू लाइट’मा बेनिशासँगै अर्पण थापा, महेश त्रिपाठी, आयुष्मान देशराज जोशी, सृष्टि श्रेष्ठ, सुरक्षा इटानी, बाल कलाकारहरु ग्रिसमा कटुवाल र सहारा शर्मा लगायतको अभिनय देख्न पाइनेछ ।

स्काइफल पिक्चर्सको प्रस्तुति रहेको फिल्मको सह-निर्मातामा रमन ग्रे रहनेछन् भने कार्यकारी निर्माताहरुमा नरेन्द्र मैनाली र बेनिशा हमाल छन् । फिल्मलाई नरेन्द्र मैनालीले खिचिरहेका छन् । साइकोलोजिकल थ्रिलर जनरामा निर्माण हुने फिल्मलाई सन् २०२५ भित्रै रिलिज गर्ने निर्माण पक्षको तयारी छ । तर, प्रदर्शन मिति घोषणा गरिएको छैन ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

### प्रदेश लेखा नियन्त्रकलाई लेखा समितिले बोलायो

# प्रदेशमा आर्थिक सुशासन कायम हुन नसकेको समितिको निष्कर्ष

साझाकुरा संवाददाता

हेटौंडा, २५ जेठ/ प्रदेशमा आर्थिक सुशासन कायम हुन नसकेको भन्दै बागमती प्रदेशसभा अन्तर्गतको सार्वजनिक लेखा समितिले प्रदेश लेखानियन्त्रकलाई समितिको बैठकमा बोलाउने भएको छ ।

चालु आर्थिक वर्ष २०८१/८२ को बजेट खर्चमा बेथिति बढ्दै गएको भन्दै लेखा समितिले प्रदेश लेखानियन्त्रकलाई जेठ २९ गते बस्ने समितिको बैठकमा बोलाउने भएको हो । चालु आर्थिक वर्षमा रकमान्तर गरेर चालु खर्चका लागि रकमान्तर गरिएको, बजेटले परिकल्पना नगरेको आयोजनामा र बजेटको मर्मविपरीत रकमान्तर गरिएको पाइएपछि सार्वजनिक लेखा समितिले प्रदेश लेखानियन्त्रक कार्यालयका प्रदेश लेखानियन्त्रकलाई छलफलका लागि बैठकले बोलाउने निर्देशन सहित निर्णय गरेको हो ।

चालु बजेट आर्थिक वर्ष सुरु भएपछि रकमान्तर गर्नेक्रम बढेकोले प्रदेश लेखानियन्त्रकलाई समितिले बोलाउने निर्णय गरिएको समितिका सभापति श्रीराम



लामिछानेले बताएका छन् । आर्थिक कार्यविधिको सीमा तोड्ने कार्य भएको गुनासो आएकोले लेखानियन्त्रकलाई रकमान्तरका सम्बन्धमा भएका व्यवस्थाको बारेमा समितिलाई जानकारी गराउन र बेथिति रोक्ने बारेमा छलफल गर्न प्रदेश लेखानियन्त्रकलाई बोलाउने निर्णय गरिएको उनले बताए ।

'सरकारले चालुखर्च पनि रकमान्तर गरी बजेट थपगर्ने कार्य गरेको छ, यसले आर्थिक सुशासन कायम हुँदै' उनले भने । उनका अनुसार सरकारले कार्यक्रम र योजना कार्यान्वयनका लागि आवश्यक कार्यविधि निर्माणमा ढिलाइ हुँदा योजना कार्यान्वयनमा ढिलाइ भएको र बेथिति बढेकोले भदौ १५ गतेभित्र कार्यविधि बनाउन सरकारलाई निर्देशन दिने निर्णय बैठकले गरेको छ । समितिको बैठकमा केशवप्रसाद पोखरेल चालुखर्च समेत बीचमा थपेर दायित्व बढाइएको बताउँदै लेखानियन्त्रकको कार्यालयसँग विवरणसहित माग गर्नुपर्ने भन्दै करारको कर्मचारी थपिएको र सवारी साधनलगायतका सुविधा दिएर चालुखर्च बढाउने काम भएको बताए ।

'आर्थिक वर्षको बीचमा दैनिक भ्रमणभत्तालगायत साधारण खर्च लेखाको सिद्धान्त अनुसार थप्न पाइँदैन' उनले भने, 'विधिले कार्यक्रममा थप्न पाइन्छ, कार्यालय सञ्चालन खर्च, दैनिक भ्रमणभत्ता लगायत थपेर व्ययभार थप्न पाइँदैन तर, यो पर्याप्त भएको छ ।' यसैगरी समिति सदस्य युवराज दुलालले र कमान्तरको परिभाषालाई दुरुपयोग गरिएको बताएका छन् । प्रदेश सभाबाट पारित भएको बजेटलाई हुबहु कार्यान्वयन गर्नुपर्ने उनको भनाई छ । बजेटले परिकल्पना नगरेको आयोजनामा बजेट दिनु, ठुला आयोजनाको बजेट कटौती गरेर दिनु नीतिविपरीत भएको उनको धारणा छ ।

समिति सदस्य प्रेमबहादुर पुलामीले असार १६ गतेसम्म पनि रकमान्तर गर्ने प्रचलन रहेको बताए । असार १६ गते रकमान्तर गरेर वैशाख ३ गते भनेर लेख्ने गरेको र यो निरन्तर भइरहेको उनले बताए । साथै समितिको बैठक जेठ २८ र २९ गते बसेर चालु आर्थिक वर्षको प्रतिवेदनलाई अन्तिमरुप दिने र जेठ ३० गते प्रदेशसभाको बैठकमा पेस गरिने भएको छ ।

# मनहरीको देउकोटमा घरैपिच्छे खानेपानी धारा, दैनिकी सहज बन्दै

साझाकुरा संवाददाता

हेटौंडा, २५ जेठ/ मकवानपुरको मनहरी गाउँपालिका-८ देउकोटका वासिन्दाले भोग्दै आएको खानेपानी समस्या समाधान भएको छ ।



घरघरमा धारा जडान भएपछि देउकोटमा पानीको पुरानो समस्या हटेको हो । धारा जडानसँगै दैनिक जीवनमा सहजता आएको छ । बिहान पानी लिन जाँदाको हतार, लाइनको झमेला, समयको बर्बादी यी सबै कुरामा सुधार आएको छ । अब यहाँका नागरिक बिहान चिया पिउँदै, समाचार सुन्दै धाराबाट पानी उपभोग गर्न सक्छन् । यसले घर धन्दा, अध्ययन, कृषि, स्वास्थ्य र सरसफाइमा प्रत्यक्ष सकारात्मक असर पार्न थालेको छ । पानीको झमेलाले महिलाको दिनभरको समय प्रभावित हुन्थ्यो ।

बालबालिका विद्यालय जान ढिलो हुन्थ्यो । तर, घरमै धारा भएपछि महिलाहरु अन्य काममा लाग्न पाएका छन्, छोरा छोरी विद्यालय जान नियमित भएका छन् । यसले शिक्षा र महिला सशक्तीकरणमा पनि सहयोग पुर्‍याएको छ । अहिले स्थानीयमा हातधुने, भाँडा माझ्ने, नुहाउने आदि काम नियमित हुँदा व्यक्तिगत र सामुदायिक सरसफाइमा सुधार आएको छ । घरघरमा धारा हुनु सफा र सुरक्षित जीवनतर्फको पाइला हो । यद्यपि यसक्षेत्रका धेरै ठाउँमा पानीको समस्या हटेको छ ।

पानीको श्रोत ठुलो नहुँदा यहाँका धेरै परिवारले पानीका लागि वल्लो गाउँ र पल्लो गाउँमा धाउनुपर्ने बाध्यता हटेको स्थानीय बासिन्दा बताउँछन् । यहाँका वासिन्दालाई खानेपानी सुविधा दिलाउनका लागि भनेर देउकोट खानेपानी तथा सरसफाइ उपभोक्ता समिति गठन गरेर २०७० सालदेखि निरन्तररुपमा काम गरिँदै आएको थियो । चालु आर्थिक वर्षमा मात्र यस खानेपानी योजनाको काम सकेर यहाँका एक सय परिवारका घरघरमा दैनिक रुपमा निरन्तर पानी आएको हो ।

त्यतीबेला एक गाग्री पानीका लागि भोग्नुपरेको समस्या बताउँदै देउकोटा खानेपानी तथा सर सफाइ उपभोक्ता समितिका अध्यक्ष रामसिंह थिङ भन्छन्-'पानीका लागि मुहानको समस्या थियो । एउटा गाउँभरमा थोरै धारा थिए । पानी लिनका लागि बिहान र बेलुका घरका सबै काम मायामारेर धाउनुपर्ने बाध्यता थियो । तर, अहिले घर घरमा धारामा पानी आएको छ । निकै सहज भएको छ ।'

सबैभन्दा सुरुमा यहाँ पानी खुवाउनका लागि तत्कालीन हाँडीखोला गाविस कार्यालयबाट योजनाको सुरुवात गरिएको थियो । तर, हरेक वर्ष थोरै बजेट पर्ने भएका कारण योजना सम्पन्न गर्नका लागि निकै समस्या थियो । चालु आर्थिक वर्षमा भने खानेपानी डिभिजन कार्यालयले यस योजनाका लागि भनेर १० लाख रुपैयाँ लागतमा काम गरेको हो । यहाँ पानी खुवाउनका लागि देउकोटको खोल्सामा लिफ्टीङ गरेर पानी टंकीमा जम्मा गरेर वितरण गरिएको स्थानीय वासिन्दाले बताएका छन् ।

यसक्षेत्रमा लिफ्टीङ गरेको पानी वितरणका लागि अटोमेसन समेत जडान गरिएको छ । यसले घरमै मोवाइलबाट खानेपानीको मुहानको मोटर बन्द गर्ने र खोल्न मिल्ने सुविधा दिलाइएको खानेपानी डिभिजनका प्राबिधिकले बताए । यहाँ पानी संकलनका लागि भनेर ८० हजार लिटरको पानी टंकी निर्माण गरिएको खानेपानी उपभोक्ता समितिका अध्यक्ष थिङले बताए । ठुलो पानीटंकी भएपछि एकसय घरलाई पानी खुवाउनका लागि कुनैपनि समस्या नभएको उनको भनाई छ ।

# प्रधानमन्त्रीलाई राक्सिराङबाट पेरुङ्गोमा 'चिउरी कोशेली'

साझाकुरा संवाददाता

हेटौंडा, २५ जेठ/चेपाङ समुदायको संस्कृति, जीविकोपार्जन र परम्परासँग गहिरो सम्बन्ध राख्ने 'चिउरी' र निगालोबाट बुनेको 'पेरुङ्गो' प्रधानमन्त्री केपी शर्मा ओलीलाई कोशेलीस्वरुप प्रदान गरिएको छ ।

बहुउपयोगी चिउरीलाई भोर्लाको पातमा बेरेर पेरुङ्गोमा राखेर प्रधानमन्त्रीलाई पठाइएको मकवानपुरको राक्सिराङ गाउँपालिका अध्यक्ष राजकुमार मल्लले बताएका छन् । अध्यक्ष मल्लले पठाएको कोशेली बागमती प्रदेशसभा सदस्य भारती पाठकले प्रधानमन्त्रीलाई दिएकी हुन् । उपहार ग्रहण गर्दै प्रधानमन्त्री ओलीले पेरुङ्गोमा चिउरीसँगै चेपाङ समुदायले आफ्नो आशा र भरोसा पनि पठाएको उल्लेख गर्दै उपहारका लागि धन्यवाद दिए ।

'चेपाङ समुदायको जीवनशैली, परम्परा, संस्कृति र जीविकोपार्जनसँग गहिरो सम्बन्ध राख्ने वनउपज चिउरीबाट म चेपाङ समुदायमा समृद्धि ल्याउने परिकल्पना गरिरहेको छु,' उनले भने, 'परम्परागत सीप, जैविक विविधता, आदिवासी तथा सीमान्तकृत समुदायका जीवनशैलीप्रति म सम्मान व्यक्त गर्दै चिउरी प्रवर्द्धनका कार्यक्रम ल्याउने प्रतिबद्धता व्यक्त गर्दछु ।'

प्रधानमन्त्री ओलीले चिउरीको उत्पादन बढाउन र यसै वजेटमार्फत् समुदायमा आर्थिक गतिविधि बढाउनका लागि कार्यक्रम



ल्याउने बताए । उनले वन स्रोतको प्रयोगलाई केवल सालका रुख कटानमा सीमित नगरी दिगो वन व्यवस्थापन, जैविक विविधता संरक्षण र स्थानीयस्तरमा रोजगारी सिर्जना गर्ने दिशामा लैजानुपर्ने धारणा राखे । प्रधानमन्त्री ओलीले चेपाङ समुदायको परम्परागत ज्ञान, जीवनशैली र चिउरीसँगको सम्बन्धप्रति सम्मान व्यक्त गर्दै यस्तो बहुआयामिक वन उत्पादको संरक्षण र प्रवर्द्धन गर्नुपर्नेमा जोड दिए ।

उनले प्राकृतिक स्रोत साधनको दिगो व्यवस्थापन, जैविक विविधता संरक्षण तथा आदिवासी जनजातिको भूमिकालाई राज्यले प्राथमिकतामा राखेको उल्लेख गरे । बागमती प्रदेशसभा सदस्य पाठकले प्रधानमन्त्रीसँग भेट गर्ने क्रममा आदिवासी जनजातिको परम्परागत सीप, ज्ञान र जैविक विविधतालाई कायम राख्दै वनमा आधारित उद्यम विकास गर्नुपर्नेमा जोड दिइन् । सामुदायिक वन उपभोक्ता महासंघकी अन्तर्राष्ट्रिय अध्यक्षसमेत रहेकी पाठकले मकवानपुर, चितवन र धादिङमा रहेका चेपाङ समुदायलाई आर्थिक गतिविधिमा जोड्ने उपयुक्त स्रोत चिउरी हुनसक्ने बताइन् ।

राक्सिराङ गाउँपालिका अध्यक्ष मल्लले आफूहरुले जनप्रतिनिधि मार्फत् उपहार पठाएको बताए । उनले भने, 'प्रधानमन्त्रीका लागि पठाइएको चिउरी चेपाङ समुदायको पहिचानसँग पनि जोडिएको छ, उहाँले खुशीकासाथ ग्रहण गरि दिनुभएकाले हामी हर्षित छौँ ।' चेपाङ समुदायमा छोरीलाई विवाहमा चिउरीको बोट दाइजो दिने चलन छ । वनमा आधारित जीवनशैली अपनाउने र प्रकृतिका पूजारी चेपाङ समुदायले चिउरीको रुखलाई पनि सम्पत्ति मानेर दाइजो दिने गर्दछन् ।

# पाथीभरा दुग्ध उत्पादक सहकारीको पहिलो साधारणसभा

साझाकुरा संवाददाता

हेटौंडा, २५ जेठ/ बागमती गाउँपालिका वडा नं. ७ स्थित पाथीभरा दुग्ध उत्पादक सहकारी संस्था लिमिटेडको पहिलो साधारणसभा सम्पन्न भएको छ ।

संस्थाका अध्यक्ष कुपनारायण फुँयालले सभाध्यक्षता एवम् गाउँपालिका अध्यक्ष सर्केश घलानको प्रमुख आतिथ्यतामा संस्थाले आइतबार पहिलो साधारणसभा सम्पन्न गरेको हो । कार्यक्रमको सञ्चालन संस्थाका सचिव विवेक सिंतानले गरेका थिए । उनले साधारणसभाको औपचारिक सुरुवात गर्दैं वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए । प्रतिवेदनमा सहकारीको स्थापना उद्देश्य, हालसम्मको गतिविधि, आर्थिक अवस्था, चुनौती तथा आगामी कार्ययोजना समेटिएको थियो ।

सभामा सहभागी सदस्य तथा अतिथिले सहकारीको हालसम्मको कार्यप्रगति सराहनीय रहेको उल्लेख गर्दै आगामी दिनमा अझ व्यवस्थित, पारदर्शी र सदस्यकेन्द्रित सेवाप्रवाहमा जोडदिन सुझाव दिएका थिए । साधारणसभामा आर्थिक विवरण पारित गर्नुका साथै विभिन्न नीतिगत र कार्यगत प्रस्तावमाथि छलफल तथा निर्णय लिइएको थियो ।

कार्यक्रममा गाउँपालिका प्रमुख प्रशासकीयअधिकृत ओमबहादुर दर्जी, वडाअध्यक्ष उत्तरबहादुर भोलन, गाउँ कार्यपालिका सदस्य डम्बर बहादुर बिश्वकर्मा, भोर्लेनी दुग्ध सहकारीका अध्यक्ष ज्ञानसागर भोलनको उपस्थिति थियो ।

# मउवा संघमा एकदिवसीय ईपीएस तालिम




साझाकुरा संवाददाता

हेटौंडा, २५ जेठ/ हेटौंडामा एक दिवसीय ईपीएस तालिम शनिबार सम्पन्न भएको छ । मकवानपुर उद्योग वाणिज्य संघ अन्तर्गत रहेको महिला उद्यमी विकास समितिले तालिम आयोजना गरेको थियो ।

समितिका सभापति सीतादेवी भेटवालको अध्यक्षतामा संघका अध्यक्ष प्रमोदसिंह रानाभाटको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो । नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य तथा संघका पूर्वअध्यक्ष कृष्ण कटुवाल, संघका निवर्तमान अध्यक्ष कृष्णकुमार गुप्ता, संघका सल्लाहकार नरेन्द्र भण्डारी, उपाध्यक्ष काव्यमणि अधिकारी, महासचिव प्रतिमा श्रेष्ठ, सहकोषाध्यक्ष निलम वैद्य, सचिव कुलप्रसाद चौलागाई, निवर्तमान सभापति अंकिता सुमार्गी, कासस विक्रम संजेल, आमन्त्रित राजाराम कार्की, पूर्वसभापतिहरु नीरा गोर्खाली, सुशिला पाण्डे, पूर्व कावासभापति देवकुमारी ढकाल, तालिम प्रशिक्षक विवेकआनन्द न्यौपाने लगायतको आतिथ्यता रहेको थियो ।

सभापति भेटवालले सहभागीलाई प्रोत्साहित गर्दै सपना पूरा गर्न आफैं क्रियाशील हुनुपर्ने र तालिम ग्रहण गर्न आउनु नै यस विषयमा दक्षता हासिल गर्ने पहिलो खुड्किलो भएको बताइन् । ढिलाइ गर्दा अवसरहरु गुम्दै जाने अवस्था आउने बताउँदै महिलाउद्यमीलाई आगामी दिनको सफलतामा सघाउने उनले बताइन् । नेउवा महासंघका सदस्य कटुवालले ईपीएस तालिम महिलाउद्यमीको लागि महत्वपूर्ण हुने विचार व्यक्त गरे । संघका अध्यक्ष रानाभाटले महिला उद्यमीलाई सक्षम बनाउन संघले तालिम आयोजना गर्न अग्रसर रहने बताए ।

तालिम प्रशिक्षक न्यौपानेले ४३ जना सहभागीलाई भाषणकला अन्तर्गतको ईपीएस तालिम प्रदान गरेका थिए । माइक कन्ट्रोल, आई कन्ट्याक्ट, शब्दचयन, शारीरिक प्रस्तुति तथा व्यक्तित्व आदिमा ध्यान दिनुपर्ने विषय समेटी प्रशिक्षण प्रदान गरेका थिए । सहभागीले आत्मविश्वास बढेको अनुभूति गर्दै तालिमअवधि थपेर एडभान्स तालिम उपलब्ध गराइदिन संघसमक्ष अनुरोध गरेका थिए ।

# बागमती प्रदेश विश्वविद्यालयको प्रथम वार्षिक दिवस सम्पन्न

साझाकुरा संवाददाता

हेटौंडा, २५ जेठ/ बागमती प्रदेश विश्वविद्यालयको प्रथम वार्षिक दिवस आइतबार सम्पन्न भएको छ । मुख्यमन्त्री बहादुरसिंह लामाको प्रमुख आतिथ्यता एवम् सामाजिक विकासमन्त्री हरिप्रभा खड्गीको विशेष आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रममा मुख्यमन्त्री लामाले विश्वविद्यालयले व्यावसायिक र प्राविधिक शिक्षामा जोड दिनुपर्ने बताए । प्रदेश गौरवको आयोजनाको रुपमा रहेको विश्वविद्यालयलाई आबश्यक बजेट व्यबस्था गर्ने प्रतिबद्धता उनले व्यक्त गरेका छन् । विश्वविद्यालयले अगाडि सारेका कार्यमा सहयोग गर्ने एवम् आंगिक क्याम्पस बनाउने वारे छिट्टै निर्णय लिइने मुख्यमन्त्री लामाले आश्वासन दिएका छन् ।

सामाजिक विकास मन्त्री खड्गीले प्रदेश विश्वविद्यालयको आवश्यकता औचित्यका बारेमा प्रकाश पारेकी थिइन् । उच्चशिक्षा प्रदेश सरकारको एकल अधिकारको क्षेत्र भएको उनले बताइन् । कार्यक्रममा हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाले विश्वविद्यालयलाई आवश्यक सहयोग गर्न र जग्गा उपलव्ध गर्न आफूहरु प्रतिबद्ध रहेको बताइन् ।

प्रदेश नीति तथा योजना आयोगका सदस्य गुणराज मुक्तान, प्रदेशसभा सदस्य एकालाल श्रेष्ठले विश्वविद्यालय र उच्चशिक्षाका विविध पक्षमा विचार राख्दै बागमती विश्वविद्यालयसँग सहकार्य र सहयोग गर्दै अगाडि बढ्ने बताए ।

कार्यक्रममा विश्व विद्यालयका उपाध्यक्ष डा. कुसुमराज सुवेदीले विश्वविद्यालयको वार्षिक कार्यप्रगति प्रतिबेदन प्रस्तुत गरेका थिए । कार्यक्रममा संरक्षण समितिका अध्यक्ष प्रा.डा.चन्द्रमणि पौडेलले विश्वविद्यालयका भए गरेका कार्य र यसका अप्ठ्यारा र चुनौतीबारे प्रस्ट पार्दै प्रदेश सरकारले बेलैमा निर्णय लिनुपर्ने बताए ।

### पहिलो सुपरफाष्ट चार्जिङ स्टेशन हेटौंडामा

# १५ मिनेटभित्र सवारी फुल चार्ज हुने

साझाकुरा संवाददाता

हेटौंडा, २५ जेठ/ विद्युतीय उपकरण ट्रान्सफर्मर उत्पादन गर्दै आएको नेपाल एकारात ईन्जिनियरिङ कम्पनी 'निक' ले नेपालमै पहिलोपटक सुपरफाष्ट चार्जिङ स्टेशन सञ्चालनमा ल्याएको छ ।

हेटौडामा राखिएको चार्जिङ स्टेशनको मुख्यमन्त्री बहादुर सिंह लामाले उद्घाटन गरेका छन् । स्टेशनको उद्घाटन गर्दै मुख्यमन्त्री लामाले पहिलोपटक नयाँ ढंगबाट सञ्चालनमा आएको स्टेशनलाई प्रदेशभर लैजान जरुरी रहेको बताएका छन् । उनले वातावरण संरक्षणको लागि इलेक्ट्रोनिक सवारी उपयुक्त रहेको धारण राख्दै चार्जिङ स्टेशन बिस्तारमा लाग्न सुझाव दिए । स्टेशनका कारण नेपाली बजारमा रहेको आर्थिक श्रोत यहीँ रहन सहज हुने मुख्यमन्त्री लामाको भनाई छ ।

उनले नयाँ टेक्नोलोजी नेपालमा ल्याएको हुवावेलाई विदेशमा रहेको ज्ञानलाई नेपाली बजारमा ल्याउँदै सहकार्यको वातावरण बनाउन आग्रह समेत गरे । 'यसले नेपाली बजारमा रोजगारीको अवसर प्रदान गर्न मद्दत पुग्नेछ' उनले भने । कार्यक्रममा हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाले हेटौंडाको पहिचानको रुपमा रहेको हरीत हेटौंडालाई थप सुन्दर बनाउन चार्ज स्टेशनले मद्दत पुग्ने बताइन् । धुवाँ र धुलोबाट सुरक्षित रहँदै प्रदेशको राजधानी सहरको वातावरणलाई सफा राख्न सकिने उनको भनाई थियो ।

सरकार र निजीक्षेत्रले नेपाली श्रोतलाई परिचालन गर्दै उत्पादन भएको विद्युतलाई यहीँ प्रयोग गर्दा वतावरणमैत्री हुने उनले बताइन् । उनले भनिन् 'स्टेशनले सवारीबाट हुने प्रदुषण रोक्न र हेटौंडालाई सुन्दर बनाउन भूमिका खेल्ने छ ।' चाइनाको प्रतिष्ठित कम्पनी हुवावेसँगको सहकार्यमा निकले ४ सय किलोवाटको स्टेशन सञ्चालनमा ल्याएको हो । स्टेशनबाट १५ मिनेटभित्र सवारी फुल चार्ज हुने




स्टेशन प्रमुख प्रेशा श्रेष्ठले बताइन् ।

प्रमुख श्रेष्ठका अनुसार करिव ११ महिनाको लामो प्रयासमा हरीत नगरी हेटौंडामा वातावरणमैत्री सेवा सञ्चालनमा ल्याउन सकेको हो । स्टेशनमा विद्युत आपुर्ति बन्द हुन नदिनका लागि २४०/२२० केभीको सोलारको पनि व्यवस्थापन गरेको बताइएको छ । निकले हेटौंडा हरीतमैत्री उत्पादन प्रक्रियामा ध्यान दिँदै कामलाई अघि बढाएको जनाएको छ । गाडी चार्जसँगको समन्वयमा पहिलोपटक ल्याएको प्रबिधिलाई बिस्तार गरीने कम्पनीले जानकारी दिएको छ । स्टेशनको उद्घाटनसँग हरेक चार्जिङ प्वाइन्ट नजिकै हरियो सहरको रुपमा बिरुवा रोपिएको छ ।

निकका प्रबन्ध निर्देशक कुशकुमार जोशीको अध्यक्षतामा भएको कार्यक्रममा हुवावे नेपालका प्रमुख जेम्स, मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष प्रमोदसिंह रानाभाट, ब्रिटिस एम्बेसीका प्रतिनिधि रेशा प्रिया, उद्योग परिसंघ बागमती प्रदेशका अध्यक्ष लेखराज पोखरेलगायतको आतिथ्यता थियो ।

HIMALAYAN LIFE
सुरक्षा अटल, भविष्य सबल
प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९

## हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपहिशलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हक दाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हक दाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधिभित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | PLI१५७०००५५२३ | हर्ष माया बलामी | थाहा-१०, मकवानपुर |

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना